
# गण्डकी गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)




## गाउँ कार्यपालिकाको कार्यालय

भूम्लीचोक, गण्डकी प्रदेश, गोरखा

२०७७

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *गण्डकी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **परामर्शदाता :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि., काठमाडौं* |
| **सहयोग** | *भूकम्प पश्चातको पुन:निर्माणको लागि बेलायत सरकारको सहयोग (पुर्णिमा)* |
| **मिति :** | *२०७७* |

**कृतज्ञता ज्ञापन**

*गण्डकी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री होमवहादुर रानामगर, उपाध्यक्ष श्री ललिता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत श्री पुरण गुरुङ तथा कार्यपालिका सदस्यहरू, गाउँपालिका कार्यपालिकाका कर्मचारीहरू लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***एस.डि.आई.सि. काठमाडौ***

# विषय सूची

*परिच्छेद - एक : परिचय* ४
१.१ पृष्ठभूमि ४
१.२ राजस्व सुधार कार्ययोजनाको आवश्यकता ४
१.३ कार्यक्रमको उद्देश्य ५
१.४ कार्यक्रमको क्षेत्र ५
१.५ कार्यक्रम संचालन विधि तथा प्रक्रिया ५
१.६ अध्ययनको सीमा ६

*परिच्छेद - दुई : गाउँपालिकाको संक्षिप्त परिचय* ८
२.१ गाउँपालिकाको प्रशासनिक तथा राजनीतिक अवस्था ८
२.२ भौतिक तथा भौगोलिक अवस्था ८
२.३ ऐतिहासिक चिनारी तथा नामकरण ९
२.४ भू–उपयोग तथा प्राकृतिक सम्पदा ९
२.५ साँस्कृतिक उत्कृष्टता ९
२.६ जनसंख्याको अवस्था १०
२.७ आर्थिक अवस्था १०
२.८ गाउँपालिकाको मानवीय संशाधन १०
२.९ गाउँपालिकाको भौतिक सम्पत्ति ११

*परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता* १२
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १२
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १६
३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण १८

*परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था* २६
४.१ राजस्व परिचालन सम्बन्धी संरचना तथा नीति २६
४.२ विगतको आय परिचालनको अवस्था २७
४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता २८
४.४ राजस्व परिचालनमा रहेका सवालहरु २८

*परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना* ३१
५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ३१

*परिच्छेद - छ : आन्तरिक आय तथा राजस्व प्रक्षेपण* ३६
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ३६
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ३८

*परिच्छेद - सात : निष्कर्ष तथा सुझाव* ४०
७.१ कार्यायोजना कार्यान्वयन ४०
७.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन ४१

*अनुसूचीहरु* ४२
अनुसूची १ : सन्दर्भ सामग्रीहरु ४३
अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम ४४
अनुसूची ३ : स्थानीय राजस्व परामर्श समिति गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था ४८
अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा ४९
अनुसूची ५ : आ.व. २०७७/०७८ का लागि आर्थिक विधेयक मस्यौदा नमूनाको रूपमा ५०

# परिच्छेद - एक : परिचय

## १.१ पृष्ठभूमि

गाउँपालिकाको राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सो बमोजिम आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्ने प्रयोजनका लागि यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदन विकास साझेदार निकाय पुर्णिमा कार्यक्रमको सहयोगमा गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको गण्डकी गाउँपालिकाले तयार गरेको हो । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका अतिरिक्त गाउँपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा देहायमा उल्लिखित विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको आवश्यकता, उद्देश्य तथा तयारी विधि
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार कार्ययोजनाको आवश्यकता

नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीन वटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ। तहगत सरकारहरु आफ्ना अधिकार क्षेत्रका बिषयमा कानून बनाउने, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा नतिजा मापन गर्न स्वायत्त हुने व्यवस्था रहेको छ । स्थानीय सरकारलाई आफ्नो अधिकार क्षेत्रका विषयमा जनचाहना अनुरुप विकास कार्यलाई व्यवस्थित र सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँट बाहेक स्थानीय तहको राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, विक्री र दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ। साथै स्थानीय सरकारले अन्य स्वदेशी संघ/संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संविधान र कानूनबाट वित्तीय स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको भएता पनि लामो समयसम्म आन्तरिक राजस्व कमजोर रहने र संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै निरन्तर भर पर्नुपर्ने अवस्था आएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ। यसका लागि स्थानीय सरकारहरुले समयमै संविधान र कानुन अनुसार आफूलाई अधिकार क्षेत्रमा आन्तरिक राजस्वको संभाव्यता अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक छ ।

संवैधानिक व्यवस्था र स्थानीय सरकार संचालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि स्थानीय सरकारहरुले ती अधिकार अनुसार कानून सम्मत, न्यायोचित र व्यवस्थित तरिकाले पूर्णरुपमा परिचालन गर्न नसकिरहेको स्थिति छ । यसको मुख्य कारण संघीय संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति, कानून तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको संभाव्यता अध्ययन, अभिलेखन तथा नियन्त्रण प्रणाली आदिको स्थापना तथा अभ्यासको कमी रहेको छ ।

राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजनाले स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालालाई राजस्व परिचालन बारे अभिमुखीकरण, राजस्व सुधारको समस्या तथा अवसर पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने हुँदा यसबाट प्राथमिकता प्राप्त आयोजना तथा

कार्यक्रममा लगानीको आँकलन गर्न सहज हुनेछ । स्थानीय राजस्व प्रणाली तथा प्रक्रियामा सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्न गरी राजस्व सुधार कार्ययोजना तर्जुमा आवश्यक रहेकोछ।

राजस्व परिचालन प्रक्रियामा सुधारका लागि गण्डकी गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी आन्तरिक आयको संभाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यसबाट राजस्व परिचालनको सम्बन्धमा गाउँपालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवाला पक्षको क्षमता विकास हुनुका साथै गाउँपालिकाको आन्तरिक आयको संभाव्यता अध्ययन भई समस्या तथा अवसरहरूको पहिचान हुनेछ। यसको मुख्य उपलब्धीका रुपमा राजस्वको संभाव्यता अध्ययन भई गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपणलाई मार्गदर्शन गर्ने प्रतिवेदन तयार भएको हुनेछ।

## १.३ कार्यक्रमको उद्देश्य

गण्डकी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा राजस्व परिचालनमा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको राजस्व प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मूल उद्देश्य हो ।

## १.४ कार्यक्रमको क्षेत्र

राजस्व संभाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजनाले देहायअनुसारका क्षेत्रहरु समेटेको छ :

- गाउँपालिकाको राजस्व तथा सुधारका सम्बन्धमा गाउँ कार्यपालिका तथा राजस्व परामर्श समितिका पदाधिकारीहरु, विषयगत इकाईका प्रमुख तथा राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, नीजि क्षेत्र, नागरिक समाज र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा कर र गैर करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धि तथा परिचालनका लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुली बीचको फरक पहिचान गर्ने ।
- राजस्व प्रशासन सम्बन्धी संस्थागत व्यवस्था, बिलिङ्ग तथा अभिलेख र आन्तरिक नियन्त्रण प्रणालीको अवस्था विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार रणनीति संलग्न राजस्व सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐनको पुनरावलोकन गरी आवश्यक सुधारसहित आगामी आ.व.को आर्थिक ऐनको मस्यौदा गर्ने ।

## १.५ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

आन्तरिक आयको संभाव्यता अध्ययन तथा राजस्व सुधार कार्ययोजना तयारी कार्यका लागि सन्दर्भ सामग्रीहरूको अध्ययन, सूचना संकलनका लागि फाराम र औजारहरुको विकास, अध्ययन तथा परामर्श, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

### *१.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता विज्ञहरुबाट विभिन्न स्रोतबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा प्रस्तुत गरिएकोछ ।

### *१.५.२ तथ्यांक विवरण संकलन फाराम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण गरी परामर्शदाताहरूबाट तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक औजार र फारमहरूको विकास गरिएको थियो। गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### १.५.३ गाउपालिकासंग छलफल

राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियाको शुरुवाती अवस्थामा नै कोभिड-१९ महामारी अवस्था सिर्जना भयो । यसको नियन्त्रण र रोकथामका लागि नेपाल सरकारले बन्दाबन्दी घोषणा गऱ्यो र जुन हालसम्म पनि कायम रहेको छ । कोभिड-१९ को महामारीको सिर्जना नेपाल सरकारले घोषण गरेको बन्दाबन्दीको कारण गाउँपालिकामा राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियासम्बन्धी अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशाला सञ्चालन गर्न सकिएन । टेलीफोन, इमेल, भर्चुयल जुम मिटिङ आदी गरी राजस्वको संभाव्यता अध्ययन, राजस्व सुधार कार्ययोजना र प्रक्षेपण सम्बन्धी कार्य गरियो । उक्त कार्यहरुमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका सदस्य लगायत सम्बन्धित कर्मचारीहरुसँग राय परामर्श गरिएको थियो ।

### १.५.४ तथ्यांक सूचना संकलन

अध्ययनका क्रममा प्राविधिक सहयोग टोलीद्धारा पुर्णिमा कार्यक्रमका कर्मचारीको समन्वयमा आवश्यक तथ्यांकहरू संकलन गरी उपलब्ध गराइएको थियो । अध्ययनका क्रममा देहायअनुसारको क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू संकलन गरियो :

- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- राजस्वसम्बन्धी नीतिगत तथा प्रशासनिक व्यवस्था र सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दरसम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरूसम्बन्धी तथ्यांक तथा सूचना

### १.५.५ दस्तावेज अध्ययन तथा पुनरावलोकन, तथ्यांक विश्लेषण र मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्याङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा विवरणलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ ।

### १.५.६ मस्यौदा कार्ययोजना पेश

मस्यौदा प्रतिवेदन गाउँपालिका लगायत तथा सरोकारवाला पक्षहरू र सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा पृष्ठपोषणका लागि पेश गरिएको छ । यसका साथै २०७७ भदौ २३ गते मस्यौदा प्रतिवेदन गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समितिका अन्य पदाधिकारी, सम्बन्धित शाखाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागितामा भर्चुयल कार्यशाला गोष्ठीको आयोजना गरी प्रस्तुती तथा रायसुझाव संकलन गरियो ।

### १.५.७ प्रतिवेदनको अन्तिम मस्यौदा

यस मस्यौदा प्रतिवेदन उपर भर्चुयल कार्यशाला तथा गाउँपालिका लगायतत सरोकारवालाहरुबाट आवश्यक सल्लाह सुझाव समावेश गरी राजस्व सुधार कार्ययोजनालाई अन्तिम स्वरुप प्रदान गरियो ।

## १.६ अध्ययनको सीमा

आन्तरिक आयको संभाव्यता अध्ययन, प्रक्षेपण तथा राजस्व सुधार कार्य योजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, सूचना र समय लगागत अध्ययनका सीमाहरू देहायअनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य कार्यालयको अभिलेख, दस्तावेज र मुख्य गरेर द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनालाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको परामर्श र छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा राजस्व परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।
- गाउँपालिका आन्तरिक श्रोतको राजस्जको संभाव्यता, राजस्व सुधार कार्ययोजना र प्रक्षेपण सम्बन्धी कार्य कोभिड-१९ महामारी र बन्दाबन्दी अवस्थामा गरिएको र यसले गाउँपालिका क्षेत्रमा समेत नकारात्मक आर्थिक प्रभाव पर्ने हुँदा आगामी आ.व.को प्रक्षेपण यसबाट प्रभावित हुन सक्ने देखिन्छ । तर संभाव्यता आँकलन गर्दा यसको असर तथा प्रभावलाई आधार लिइएको छैन तथापी गाउँपालिकाले आगामी आ.व.को अनुमान प्रस्ताव गर्दा यसलाई समेत विचार गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद - दुई : गाउँपालिकाको संक्षिप्त परिचय


यस परिच्छेदमा गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ। यसले गाउँपालिकाको भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गरेको छ।

## २.१ गाउँपालिकाको प्रशासनिक तथा राजनीतिक अवस्था

गण्डकी गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गण्डकी प्रदेश स्थित गोरखा जिल्लामा दक्षिण पूर्वमा पर्दछ। जिल्लाको ११ वटा स्थानीय तह मध्ये यस गाउँपालिका जिल्लाको सदरमुकाम देखि ४० कि.मि.को दुरीमा पर्दछ। संघीय शासन प्रणाली अनुसार स्थानीय तह पुनसंरचना प्रक्रियामा गोरखा जिल्लाको साविक मकैसिङ, ताङलीचोक, फुजेल, दर्बुङ, भुम्लिचोक र घ्याल्चोक गरी ६ वटा गाउँ विकास समिति समायोजन भएर २०७३ सालमा यो गाँउपालिका स्थापना भएको हो। यस गाउँपालिका ८ वटा वडा कायम गरिएको छ र यस गाउँपालिकाको कुल क्षेत्रफल १२३.८६ वर्ग कि.मी. रहेको छ। यो गाउँपालिका जिल्ला भित्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश “ख” मा पर्दछ।

## २.२ भौतिक तथा भौगोलिक अवस्था

गण्डकी गाउँपालिका नेपालको मध्यपहाडी क्षेत्रमा पर्दछ। भौगोगिक अवस्थितिका हिसाबले यो गाँउपालिका गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्ला दक्षिण पूर्व स्थानमा चितवन र धादिङ जिल्लासँग जोडिएको छ। यस गाँउपालिकाको पूर्वमा धादिङ जिल्ला, पश्चिममा गोरखा जिल्लाको शहिद लखन गाउँपालिका र चितवन जिल्ला, उत्तरमा गोरखा जिल्लाको शहिद लखन गाउँपालिका पर्दछ। भौगोलिक रुपमा मध्यपहाडी क्षेत्र देखि हिमाली क्षेत्रसम्म फैलिएको यस




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

गाउँपालिका जैविक, विविधता, प्राकृतिक स्रोत तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ।

यस गाउँपालिकाको अधिकतम तापक्रम ३० डिग्री सेल्सियस र न्यूनतम तापक्रम १० डिग्री सेल्सियस रहेको छ भने औसत बार्षिक वर्षा १९०० मि.मि रहेको छ । नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार स्थापित यस गण्डकी गाउँपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ ।

तालिका १: पुनसंरचित गाउँपालिकाको वडागत विवरण

| वडा नम्बर | समावेश साविक गाविस र वडा | वडाको क्षेत्रफल (वर्गकिमि) | वडाको केन्द्र रहेको स्थान |
|---|---|---|---|
| १ | मकैसिङ (१-९) | १०.२ | मकैसिङ |
| २ | ताङलीचोक (१-९) | १८.८ | ताङलीचोक |
| ३ | फुजेल (४-८) | ६.७ | फुजेल |
| ४ | फुजेल (१-३) र ९ | ७.० | फुजेल |
| ५ | दर्बुङ (१-९) | २१.६ | दर्बुङ |
| ६ | भुम्लीचोक (१-९) | २७.६ | भुम्लीचोक |
| ७ | घ्याल्चोक (१, ५-७) | १७.५ | घ्याल्चोक |
| ८ | घ्याल्चोक (२-४, ८-९) | १४.६ | घ्याल्चोक |
| | **जम्मा** | **१२४** | |

स्रोत: गाउँपालिका प्रोफाइल, २०७५

## २.३ ऐतिहासिक चिनारी तथा नामकरण

संघीय गणतान्त्रिक नेपालको गण्डकी प्रदेश र बाग्मती प्रदेशको महत्वपूर्ण दुई नदीहरु बुढी गण्डकी र त्रिशुली गण्डकी नदीको नामबाट यो गाउँपालिकाको नाम गण्डकी नामाकरण गरिएको हो । २०७३ सालमा नेपालको संघीय पुनसंरचनाको प्रक्रियामा साविकका मकैसिङ, ताङलीचोक, फुजेल, दर्बुङ, भुम्लीचोक र घ्याल्चोक गाउँ विकास समिति समायोजन गरी यस गण्डकी गाउँपालिका स्थापना भएको हो ।

## २.४ भू–उपयोग तथा प्राकृतिक सम्पदा

प्राकृतिक स्रोतका हिसाबले गण्डकी गाउँपालिकामा बुढीगण्डकी र त्रिशुली नदी लगायत, पाङ्खोला, बोक्सेरह, फर्कण्डेरह र मकैसिं पोखरी, वन तथा जैविक विविधता क्षेत्र, भैरवी टार नदी तटीय फाँट तथा टार, कृषि जमीन जस्ता प्राकृतिक स्रोत साधन रहेका छन् । सर्वे तथा नापी विभागको विवरण अनुसार यस गण्डकी गाउँपालिकाको भू-उपयोगको अवस्था हेर्दा खेती गरिएको क्षेत्रफल ४५ प्रतिशत रहेको छ भने वन तथा बुट्यान क्षेत्र ३९ प्रतिशत र चट्टान तथा अन्य क्षेत्र ८ प्रतिशत रहेको छ । गाउँपालिकाको भू-उपयोगको विवरण देहायअनुसार रहेको छ ।

तालिका २: भूउपयोग क्षेत्रको विवरण

| क्र.स. | भू-उपयोग | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | ४५.३० | ३६.५७ |
| २ | पाखो तथा खरबारी क्षेत्र | १०.६९ | ८.६३ |
| ३ | वनजगंलले ढाकेको जमिन | ३८.६६ | ३१.२१ |
| ४ | खर्क, चरन तथा झाडी र बुट्यान क्षेत्र | २०.४२ | १६.४९ |
| ५ | आवास क्षेत्र | ०.५६ | ०.४६ |
| ६ | चट्टान तथा अन्य क्षेत्र | ८.२२ | ६.६४ |
| | जम्मा | १२३.८६ | १००.०० |

श्रोत: जिल्लाको भुउपयोग विवरणको आधारमा तयार गरिएको

## २.५ साँस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा साँस्कृतिक हिसावले ब्राम्हण क्षेत्री (२४%), मगर (१९%), नेवार (१३%), चेपाङ (१३%) गुरुङ (१३%), दलित (११%) अन्य समुदायको समुदायको मिश्रित बसोबास रहेको छ । मुख्य रुपमा खस वाह्मण, मगर र गुरुङ्ग सँस्कृतिको समिश्रण तथा अनुपम संगम रहेको छ । धार्मिक रुपमा हिन्दु र वौद्ध धर्मालम्बहरूको बाहुल्यता रहेको छ । यस गाउँपालिका क्षेत्रमा मनाइने हिन्दु धर्मालम्बीहरुको चाडपर्वहरूमा कृष्णष्टमी, तीज, जनैपूर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं आदि रहेका छन् भने तामाङ समुदाय र बौद्ध धर्मालम्बीले ल्होसार, बुद्ध जयन्ती र

क्रिश्चियन धर्मालम्बीको क्रिसमस रहेका छन् । यस गाउँपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभूषाका रुपमा पुरुषहरूले मुख्य रुपमा दौरा सुरुवाल, पाइन्ट, शर्ट, टोपी तथा कोट र महिलाले गुन्यु चोली, लुङ्गी र पटुकी लगाउने गर्दछन् । लामा र प्रगति गुम्बा लगायत ६ स्थानमा बौद्ध गुम्बा र थानी, नागथान, र कालिका मन्दिर लगायत २६ स्थानमा मठमन्दिर आदि यहाँका महत्वपूर्ण धार्मिक स्थलहरू हुन ।

गाउँपालिकामा रहेका विभिन्न धार्मिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुमध्ये भैरवीस्थान, थानी मन्दिर, पहराकुना, गण्डकी र त्रिशुली रिभरसाइड, खरीखानी, इमानजली मित्र मण्डली, सिद्धदर्शन, चमेरी गुफा, भैरवीटार र त्रिशुली नदी र्‍याफ्टिङ आदीलाई तत्काल आयआर्जन गर्न सक्ने हिसाबले बढी महत्वपूर्ण रहेका छन् । गण्डकी गाउँपालिकाका विभिन्न स्थानहरुमा वार्षिक करिब ८००० आगन्तुक दर्शन र अवलोकनका लागि आउने गरेको अनुमान गरिएको छ । गाउँपालिकाको प्रमुख ४ पर्यटकीय स्थलहरु भैरवी, महादेडाँडा, मुन्थला, कामधेनुको गुरुयोजना तर्जुमा भई पर्यटन विकास र प्रवर्धन कार्यहरु शुरुवात गरिएका छन् । यहाँका पर्यटकीय, धार्मिक र साँस्कृतिक स्थलहरुमा पार्क तथा मनोरञ्जन स्थल, र्‍याफ्टिङ तथा अन्य खेलकुदस्थल विकासको संभावना रहेको छ ।

## २.६ जनसंख्याको अवस्था

राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँपालिकाको कुल जनसंख्या २३,२६२ रहेको छ । वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ६ मा ३,५४५ जना रहेको छ भने सबैभन्दा न्यून वडा नं. ३ मा २,१९९ रहेको छ । हालको औसत घरपरिवारको आकार ४.४३ र लैंगिक अनुपात ८३ रहेको छ । वडागत रुपमा हालको जनघनत्व हेर्दा वडा नं. ६ मा सबै भन्दा कम (१२८ जना प्रति व.कि.मि) र वडा नं. ४ मा सवै भन्दा बढी (३५६ जना प्रति व.कि.मी.) रहेको छ । गाउँपालिकामा कुल ५,२५४ घरपरिवार मध्ये ब्राम्हण क्षेत्री २४ प्रतिशत, मगर १९ प्रतिशत, नेवार, चेपाङ र गुरुङ, १३/१३ प्रतिशत र दलित ११ प्रतिशत रहेका छन् । जातिगत आधारमा गाँउपालिकाको जनसंख्या बनौट हेर्दा पहाडी आदीबासी जनजाती जनसंख्या ५८ प्रतिशत, वाह्मण क्षेत्री २४ प्रतिशत र दलितको जनसंख्या ११ प्रतिशत रहेको छ ।

## २.७ आर्थिक अवस्था

गाउँपालिका क्षेत्रको आर्थिक रुपले सक्रिय जनसंख्या (१५ बर्ष भन्दा माथि र ५९ बर्ष भन्दा उमेर) ५२.९ प्रतिशत रहेको छ । पेशागत रुपमा कृषि तथा पशुपालनमा, जागिर, व्यापार व्यवसाय र अन्य पेशामा आश्रित जनसंख्याको प्रतिशत क्रमशः ६९, १२, ६ र १३ प्रतिशत रहेको छ ।

नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभागद्धारा गरिएको राष्ट्रिय आर्थिक सर्वेक्षणको प्रतिवेदन २०७६ अनुसार यस गाउँपालिकामा ८४९ उद्योग व्यवसाय रहेको र यसबाट २५९६ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेको देखिन्छ । यस गाउँपालिका क्षेत्रभित्र २ वाणिज्य बैंक, १ वटा लघुवित्त वैंक र ११ सहकारी संस्थाहरू रहेका छन् । यस गाउँपालिकाा सामुदायिक र संस्थागत गरी ४४ वटा विद्यालय संचालनमा रहेका छन् भने आयुर्वेद सेवा केन्द्र, गाउँघर क्लिनिक र वर्थिङ सेन्टर समेत १८ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् ।

## २.८ गाउँपालिकाको मानवीय संशाधन

स्थानीय तहको पहिलो चरणको निर्वाचन २०७४ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूद्धारा गाउँपालिकाको संचालन र निर्देशन हुँदैआएको छ । यस गाउँपालिकाको गाउँसभामा ४४ जना र कार्यपालिकामा १७ जना पदाधिकारी रहेका छन् । यस गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट संगठन संरचना तथा कर्मचारी तेरिज अनुसार कार्य संचालन गर्दै आएको छ । प्रस्तावित संगठन संरचना अनुसार दरबन्दी तेरिज अनुसार हाल गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत समेत ६ जना अधिकृत र २७ जना सहायकस्तर र ११ जना कार्यालय सहयोगी समेत ४७ जना कर्मचारी कार्यरत रहेका छन् ।

तालिका नं. ४: गाउँपालिकामा कार्यरत कर्मचारीको संख्या

| सि.नं. | पदनाम | श्रेणी/तह | कर्मचारी दरब्न्दी र पदपुर्ति संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरवन्दी | कार्यरत स्थायी | अस्थायी/करार | रिक्त | जम्मा |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.तृतिय | १ | १ | | | १ |
| २. | नगर शिक्षा अधिकत (शाखा प्रमुख) | अधिकृत सातौ | १ | १ | | | १ |
| ३. | शिक्षा अधिकृत शिक्षा | अधिकृत छैटौ | १ | १ | | | १ |
| ४. | प्रशासकीय अधिकृत | अधिकृत छैटौ | १ | १ | | | १ |
| ५. | लेखा अधिकृत | अधिकृत छैटौ | १ | १ | | | १ |
| ६. | इन्जिनियर | अधिकृत छैटौ | २ | १ | १ | | २ |
| ७. | जनस्वास्थ्य निरीक्षक | अधिकृत छैटौ | १ | १ | | | १ |
| ८. | सूचना तथा संचार प्रविधि अधिकृत | अधिकृत छैटौ | १ | | १ | | १ |
| ९. | रोजगार अधिकृत | अधिकृत छैटौ | १ | | १ | | १ |
| १०. | महिला विकास निरीक्षक | सहायक पाँचौ | १ | १ | | | १ |
| ११. | सब इञ्जिनियर | सहायक पाँचौ | २ | २ | | | २ |
| १२. | नायव सुव्वा | सहायक पाँचौ | १ | १ | | | १ |
| १३. | कम्प्युटर अपरेटर | सहायक पाँचौ | १ | १ | | | १ |
| १४. | एम.आई.एस अपरेटर | सहायक पाँचौ | १ | १ | | | १ |
| १५. | आलेप सहायक | सहायक पाँचौ | १ | १ | | | १ |
| १६. | लेखा सहायक | सहायक पाँचौ | १ | १ | | | १ |
| १७. | प्राविधिक सहायक शिक्षा | सहायक पाँचौ | १ | १ | | | १ |
| १८. | कृषि प्राविधिक सहायक | सहायक पाँचौ | १ | १ | | | १ |
| १९. | पशु विकास सहायक | सहायक पाँचौ | १ | १ | | | १ |
| २०. | प्रशासन सहायक | सहायक पाँचौ | ४ | ४ | | | ४ |
| २१. | फिल्ड सहायक (पञ्जीकरण) | सहायक पाँचौ | १ | १ | | | १ |
| २२. | अनमी | सहायक चौथो | १ | १ | | | १ |
| २३. | सहायक महिला विकास निरीक्षक | सहायक चौथो | १ | १ | | | १ |
| २४. | खरिदार | रा.प.अ. द्धितिय | १ | १ | | | १ |
| २५. | असिस्टेण्ट सब इञ्जिनियर | सहायक चौथो | ३ | २ | १ | | ३ |
| २६. | कार्यालय सहायक | सहायक चौथो | २ | २ | | | २ |
| २७. | सवारी चालक | श्रेणीविहिन | १ | | १ | | १ |
| २८. | कार्यालय सहयोगी | श्रेणीविहिन | १० | ९ | १ | | १० |
| २९. | सुरक्षा गार्ड | श्रेष्णीविहिन | २ | | २ | | २ |
| | **कूल जम्मा** | | **४७** | **३९** | **८** | | **४७** |

*स्रोत: गाउँपालिका कार्यपालिका, २०७६*

## २.९ गाउँपालिकाको भौतिक सम्पत्ति

यस गाउँपालिकाको कार्यपालिका कार्यालय साविक भूम्लीचोक गाविसको कार्यालय रहेको भवनमा केही संरचना थप निर्माण गरी संचालनमा रहेको छ । गाउँपालिकाको कूल ८ वडा कार्यालयहरु मध्ये ६ वटाको वडा कार्यालयहरु आफ्नै कार्यालय भवनमा संचालनमा रहेका छन् भने वडा नं. ३ र ८ को कार्यालय भाडामा संचालनम रहेका छन् । गाउँपालिका भित्र विद्यालय वाहेक कूल ८० रोपनी जती सरकारी जग्गा, १४३ वटा भवन, १ वटा ४ पाडग्रे सवारी साधन तथा १० वटा मोटरसाईकल रहेकोछ ।

# परिच्छेद - तीन : राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धीका प्रावधानहरु यस शीर्षक अन्तर्गत् प्रस्तुत गरिएको छ ।

### *३.१.१ नेपालको संविधान*

नेपालको संविधानको अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय तहलाई देहायअनुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसैगरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छ :

**धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने**

(१) कानून बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन ।

(२) आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

**धारा २३६ : अन्तर प्रदेश व्यापार**

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन ।

### ३.१.२ कानूनी व्यवस्था

**स्थानीय सरकार संचालन ऐन, २०७४**

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- ***सम्पत्ति करः*** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थाससंऐ)
- ***भूमिकर (मालपोत):*** सम्पत्ति कर लागेको घरजग्गा वाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- ***घर जग्गा बहाल करः*** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- ***व्यवसाय करः*** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा (स्थाससंऐ)
- ***सवारी साधन करः*** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- ***जडिबुटी, कवाडी र जीवजन्तु करः*** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत (स्थाससंऐ)

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा । (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) (स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ) ।

**ई) बिक्री गर्न सक्ने**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

**उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने । (स्थाससंऐ)

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

**ऊ) प्रचलित कानून बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
    - *स्थानीय सहकारी संस्था*
    - *१०० वाट सम्मको एफएम रेडियो*
    - *घ वर्गको ठेक्का इजाजत*
    - *सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय*
    - *प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम*
    - *मातृ भाषामा शिक्षा दिने विद्यालय*
    - *ट्युसन, कोचिङ्ग*
    - *औषधि पसल*
    - *परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा*
    - *ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
    - *स्थानीय स्तरका व्यापारिक फर्म*
    - *स्थानीय तहका पत्र पत्रिका*
    - *जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक*
    - *स्थानीय स्तरका संघ संस्था*
    - *इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन*
    - *लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)*

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविब्यऐ)
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरुलाई प्रदान गरेको राजस्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजस्वको दर तथा संकलनका अन्य आधारहरुको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ । त्यसैगरी कर तथा शुल्क सङ्कलनकोलागि स्थानीय तहहरुले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन् ।

**(ग) राजस्व बाँडफाँट (असविब्यऐ)**

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर नगरपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र नगरपालिकाले उठाउने

(ई) विज्ञापन करको दर नगरपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने

- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

राजस्व बाँडफाँट अन्तर्गत संघीय सरकारवाट सङ्कलन भएको मूल्य अभिबृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ। उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँड हुने व्यवस्था छ। त्यसैगरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करवाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्वन्धित स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ। यसका अतिरिक्त स्थानीय तहवाट संकलन भएको कर तथा शुल्कको ४० प्रतिशत रमक सम्वन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ।

### (घ) अनुदान

- ***वित्तीय समानीकरण अनुदान:*** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त

- ***सशर्त अनुदान:*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त

- ***समपूरक अनुदान:*** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त

- ***विशेष अनुदान:*** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

संघीय तथा प्रदेश सरकारवाट प्रदान गरिने वित्तीय समानिकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरु बीच बाँडफाँट हुने व्यवस्था छ। त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था व्यवस्था छ। समपूरक तथा विशेष अनुदानकोलागि स्थानीय तहहरुवाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।

### (ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने

- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ( स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने ( असविव्यऐ)
- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने (असविव्यऐ)
- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ) ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

स्थानीय तहको राजस्व अधिकार बमोजिम यस गाउँपालिकाको संभाव्य आय शीर्षकहरूको परिचालनको अवस्था देहायअनुसार तालिकामा विश्लेषण गरिएको छ । यसले संभाव्यत आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

**तालिका नं. ५: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | छ | छ |
| २ | सम्पत्ति कर | छ | छ | छैन |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छैन | छ | छैन |
| ४ | घर जग्गा बहाल कर | छ | छ | छ |
| ५ | व्यवसाय कर | छ | छ | छ |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | छैन | छैन |
| ७ | विज्ञापन कर | छ | छ | छ |
| **ख.** | **गैरकरतर्फ** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा र माटोजन्य वस्तुको विक्री | छ | छ | छ |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | छैन | छैन |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| ३ | नक्सापास दस्तुर | छ | छ | छ |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| ५ | बहाल विटौरी शुल्क | छ | छैन | छैन |
| ६ | पार्किङ्ग शुल्क | छ | छैन | छैन |
| ७ | सरकारी सम्पत्तिको बहालबाट आय | न्यून | छ | छैन |
| ८ | अस्पताल संचालन | छैन | छैन | छैन |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छैन | छैन | छैन |
| १० | स्थानीय खानेपानी महसुल | छ | छैन | छैन |
| ११ | स्थानीय विद्युत् महसुल | छैन | छैन | छैन |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | छैन | छैन |
| १३ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | छैन | छैन |
| १४ | मूल्यांकन सेवा शुल्क | छ | छ | छ |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | छ | छ | छ (घ वर्गको निर्माण इजाजतबापत) |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छैन | छैन | छैन |
| १७ | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |
| १८ | दण्ड जरिवाना | छ | छैन | छैन |

## ३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका आय संकलनको अवस्था, संभावना र सुधारका लागि गर्नु पर्ने कार्यहरु शिर्षकगत रुपमा देहायअनुसार विश्लेषण गरिएको छ :

### ३.३.१ कर राजस्व

#### क. सम्पत्ति कर

**हालको अवस्था:** गाउँपालिकाको आ.व. २०७६/७७ को आर्थिक ऐनको दफा २ मा अनुसुची १ बमोजिम "गाउँपालिकाको क्षेत्रभित्र एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाई असुल उपर गरिनेछ" भन्ने उल्लेख गरिएको छ, । आर्थिक ऐनको एकीकृत सम्पत्ती करसम्बन्धी अनुसुची १ को नोटमा सभाले निर्णय गरी एकीकृत सम्पत्ती कर लागू नगरेको अवस्थामा मालपोत र घरजग्गा कर असुल गरिने भनी उल्लेख गरेको छ । जुन स्थानीय सरकार संचालन ऐनमा सम्पत्ति कर लगाउने सम्बन्धमा रहेको ऐनको प्रावधान संग मेल खादैन । तर हालसम्म सम्पत्ति कर संकलनलाई कार्यान्वयनमा ल्याएको छैन ।

**संभाव्यता:** गाउँपालिकाको प्रकाशित वस्तुस्थिति विवरणअनुसार यहाँ कुल ५,२५३ घरधुरी रहेका छन् । प्रचलित कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा तथा अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेकोमा ५२५३ घरधुरी जिल्लाको जनसंख्या बृद्धिदरको आधारमा प्रक्षेपण गर्दा ५९१७ घरपरिवारलाई सम्पत्ती करदाता संख्या कायम गर्न प्रस्ताव गरिएको छ । घर र सो घरले ओगटेको जग्गाको एकमुष्ट सम्पत्तिको आधारमा गाउँपालिका भित्रका घरधुरीलाई ६ समूहमा वर्गीकरण गरी क्रमशः प्रति घरधुरी रु. ५०, ७५, १००, १७५, ३००, ६००, १२०० २५०० र ४००० का दरले कर निर्धारण गर्न प्रस्ताव गरिएको छ । यसअनुसार हुन आउने सम्पत्ति करको गणना देहायअनुसार रहेको छ :

तालिका नं. ६: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| क.सं. | सम्पत्ती विवरण | करदाता संख्या | करको दर (रु.) | संभाव्य रकम (रु.) |
|---|---|---|---|---|
| १ | रु. ५ लाख भन्दा कम सम्पत्ती हुने | ३०० | ५० | १५,०००.०० |
| २ | रु. ५ लाख १ हजार देखी १० लाखसम्म सम्पत्ती हुने | ५०० | ७५ | ३७,५००.०० |
| ३ | रु. १० लाख १ हजार देखी २० लाखसम्म सम्पत्ती हुने | ९०० | १०० | ९०,०००.०० |
| ४ | रु. २० लाख १ हजार देखी ४० लाखसम्म सम्पत्ती हुने | १२०० | १७५ | २१०,०००.०० |
| ५ | रु. ४० लाख १ हजार देखी ६० लाखसम्म सम्पत्ती हुने | ११६४ | ३०० | ३४९,२००.०० |
| ६ | रु. ६० लाख १ हजार देखी ९० लाखसम्म सम्पत्ती हुने | १००० | ६०० | ६००,०००.०० |
| ७ | रु. ९० लाख १ हजार देखी १ करोड २० लाख सम्म सम्पत्ती हुने | ६०० | १२०० | ७२०,०००.०० |
| ८ | रु. १ करोड देखी १२० देखी १ करोड ५० लाखसम्म सम्पत्ती हुने | २०० | २५०० | ५००,०००.०० |
| ९ | रु. १ करोड देखी ५० लाख देखी २ लाखसम्म सम्पत्ती हुने | ४५ | ५००० | २२५,०००.०० |
| १० | रु. २ करोडभन्दा माथी सम्पत्ती हुने | ८ | १२००० | ९६,०००.०० |
| | **जम्मा** | ५९१७ | ४८० | २,८४२,७००.०० |

**सुधारका पक्षहरू:** सम्पत्ती कर कार्यान्वयनका लागि गाउँपालिकाले सम्बोधन गर्नुपर्ने विषय देहाअनुसार रहेका छन्:

- आर्थिक ऐनमा संविधान र संघीय कानूनको व्यवस्था अनुसार एकीकृत सम्पत्ती कर/घरजग्गा करलाई संशोधन गरी सम्पत्ती करको व्यवस्था गर्ने र सो अनुसार अनुसुची समेत संशोधन गर्ने
- आर्थिक ऐनमा प्रगतिशिल करको सम्पत्ती कर व्यवस्थापनको कार्यविधिको व्यवस्था गर्ने ।
- सम्पत्ती मूल्याकंनमा स्वघोषणा विधिबाट कर व्यवस्थापन बारे पदाधिकारी तथा कर्मचारीहरुका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ती करको व्यवस्था बारे आमजनताहरुलाई विभिन्न माध्यमबाट सुसूचित गर्ने ।

- सफ्टवयर, उपकरण तथा पूर्वाधार तयार गरी गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालमा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने ।

## ख. मालपोत वा भूमि कर

**हालको अवस्थाः** गाउँपालिकाको आ.व. २०७६/७७ को आर्थिक ऐनमा मालपोत वा भूमिकरको दर निर्धारण गरिएको छैन । आर्थिक ऐनको एकीकृत सम्पत्ती करसम्बन्धी अनुसुची १ को नोटमा सभाले निर्णय गरी एकीकृत सम्पत्ती कर लागू नगरको अवस्थामा मालपोत र घरजग्गा कर असुल गरिने भनेर उल्लेख गरेको छ तर दर निर्धारण गरेको छैन छलफलबाट प्राप्त जानकारी अनुसार यस शीर्षकमा गत आ.व.को दरमा मालपोत संकलन भैरहेको छ ।

**संभाव्यताः** गाउँपालिकामा भूमिको वर्गीकरण नभएको र भूमीकर लगाउनयोग्य जग्गा र सोको करदाता सम्बन्धी एकीन तथ्यांक उपलब्ध नभएको हुँदा गाउँपालिकाले गरेको सर्वेक्षण अनुसार घरधुरी संख्यालाई भूमि करदाता संख्या निर्धारण गर्ने मूल आधारका रुपमा लिइएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमीकर योग्य जग्गा हुन सक्ने अवस्था, गाउँपालिका बाहेक अन्त बसाई भएका व्यक्तिको समेत जग्गा हुने र सम्पत्ती करमा समावेश घरधुरी घटाउँदा गाउँपालिका भित्र करिब ९००० जग्गाधनी हुन सक्ने अनुमान गरिएको छ । त्यसैगरि प्रति करदाता औसत करिब ७ रोपनी जग्गा भएको अनुमान गरिएको छ ।गाउँपालिकाको जग्गालाई बजार क्षेत्र, बसोबास वा बस्ती क्षेत्र र खेतपाती क्षेत्र गरी ३ समूहमा वर्गीकरण गरी बजार क्षेत्र, बसोबास र खेतीवाली क्षेत्रको मालपोतको दर क्रमशः रु. ३५, २० र १० प्रति रोपनी मालपोतको दर कायम गर्न प्रस्ताव गरिएको छ । प्रति जग्गाधनी औषतमा ५ रोपनी जग्गा रहेको अनुमान गर्दा हुन आउने मालपोतको विवरण देहाअनुसार आँकलन गरिएको छ ।

**तालिका नं. ७: सम्भाव्य मालपोत करदाता तथा मालपोत**

| करदाता सम्बन्धी विवरण | करदाता संख्या (अनुमानित) | प्रस्तावित औसत करको दर | | संम्भाव्य संकलन |
|---|---|---|---|---|
| | | प्रति रोपनी | प्रति करदाता | |
| बजार क्षेत्र (सडकले छोएको र बजार रहेको) | ८०० | ३५ | २४५ | १९६,००० |
| बसोबास क्षेत्र (सडकले छोएको आवास क्षेत्र) | ४००० | २० | १४० | ५६०,००० |
| खेतीवाली क्षेत्र (सडक नपुगेको खेतीवाती क्षेत्र) | ४२०० | १० | ७० | २९४,००० |
| **जम्मा** | ९००० | | | १,०५०,००० |

**सुधारका पक्षहरूः** यस सम्बन्धमा सुधारका पक्षहरु देहायअनुसार छन् :

- आगामी आ.व.को आर्थिक ऐनमा सम्पत्ती कर नलगाएको जग्गामा मालपोत लगाउने र सो अनुसार मालपोतको दर निर्धारण गर्ने
- मालपोत कार्यालयसँग समन्वय गरी गाउँपालिका भित्रका जग्गाधनी र जग्गाको तथ्यांक अभिलेखीकरण गर्ने ।
- साविकको दरमा मुख्य बजार क्षेत्र तथा सडक पहुँच पुगेको स्थानको जग्गा लगायत जग्गाको मूल्याङ्कनको मालपोतको दर निर्धारण गर्ने ।
- छुट्टै शीर्षकमा देखिने गरी यस शीर्षकको आम्दानी बाँध्ने ।
- मालपोतको दर परिमार्जन गरी गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

## ग. घरजग्गा वहाल कर

**हालको अवस्थाः** गाउँपालिकाको चालू आर्थिक बर्षको आर्थिक ऐनले गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा अनुसूची २ बमोजिम २ प्रतिशतका दरले घरजग्गा बहाल कर लगाई असुल उपर गरिने व्यवस्था रहेको छ । ऐन बमोजिम हालसम्म संस्थागत प्रयोजनको लागि भाडामा लगाइएका घरहरुबाट यो कर संकलनको शुरुवात गरिएको छ । वहाल करबाट आ.व. २०७४/७५ मा रु. ५० हजार र आ.व. २०७५/७६ मा रु. ३१ हजार संकलन भएको देखिन्छ । चालु आ.व.मा रु. ४० हजार अनुमान गरिएको २०७७ वैशाख मसान्तसम्म रु. ४३,०७३ संकलन भई सकेको देखिन्छ ।

**संभावना:** यस गाउँपालिका क्षेत्रमा न्यून घरहरु मात्र संस्थागत, व्यवसायिक र आवासीय प्रयोजनमा बहालमा रहेका छन् । उपलब्ध तथ्यांक अनुसार करिब २०० वटा घरहरु मात्र बहालमा रहेका र मासिक औसत भाडा रु. १५०० (संस्थागत: मासिक रु. २०००, व्यवसायिक: मासिक रु. १५०० र आवासीय : रु. १०००) र वहाल करको दर ५ प्रतिशतले कायम गर्न प्रस्ताव गरिएको छ । यस प्रकार घरजग्गा वहाल करको आँकलन गर्दा देहायअनुसार संकलन हुने अनुमान गरिएको छ ।

**तालिका नं. ८: घर वहाल करदाता तथा कर संकलनको संभाव्यता**

| घरवहालको विवरण तथा प्रयोजन | वहाल लागेको घर संख्या | बार्षिक बहाल रकम (रु.) | वहाल करको दर | संभाव्य वहाल रकम (रु.) |
|---|---|---|---|---|
| संस्थागत कार्य (कार्यालय) | ५० | १,२००,००० | १०% | १२०,००० |
| व्यवसायिक (व्यापार व्यावसाय) | १०० | १,८००,००० | ५% | ९०,००० |
| आवास (डेरा) | ५० | ६००,००० | ५% | ३०,००० |
| **जम्मा** | २०० | ३,६००,००० | **५%** | २४०,००० |

**सुधारका पक्षहरू:** यस सम्बन्धी सुधारका पक्षहरु देहायअनुसार रहेका छन् :

- घरजग्गा बहालमा लगाउने व्यक्तिको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने।
- करको दर प्रगतिशिल बनाउने ।

## घ. व्यवसाय कर

**हालको अवस्था:** गाउँपालिकाले आ.व. २०७६/७७ को आर्थिक ऐनमा व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा उल्लिखित दरमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा विभिन्न उद्योग, व्यापार तथा व्यवसाय विभिन्न करको दर निर्धारण गरेको छ ।  सबैभन्दा बढी ह्युमपाइप र विद्युत पोल र नीजि विद्यालय/क्याम्पस रु. १०,००० र मैनवत्ती तथा अगरबत्ती उद्योग र मादल मर्मतको लागि रु. २०० बार्षिक व्यवसाय दर कायम गरिएको छ । गाउँपालिकाले आ.व. २०७४/७५ मा रु. ५ लाख तथा आ.व. २०७५/७६ मा रु. ४ लाख ५४ हजार संकलन भएको देखिन्छ । चालु आ.व.मा रु. ९ लाख ९० हजार अनुमान गरिएकोमा वैशाख मसान्तसम्म रु. १४८,००६ संकलन भएको देखिन्छ ।

**संभावना:** केन्द्रिय तथ्याङ्क विभागबाट गरिएको राष्ट्रिय आर्थिक सर्वेक्षण अनुसार यस गाउँपालिकामा ८४९ वटा उद्यम व्यवसाय संचालन रहेको देखिन्छ । उक्त विवरणलाई आधार मान्दा प्रति व्यवसाय व्यवसाय कर रु. औषत १५०० को दरले व्यवसाय करको अनुमान गर्दा **बार्षिक रु. १२,७३,५००** संकलन हुने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- गाउँपालिकामा संचालित व्यवसायहरूको वर्गीकरण गरी वर्गीकरण अनुसार करको दरलाई वस्तुपरक बनाई आर्थिक ऐन अद्यावधि गर्ने ।
- सबै प्रकार र सम्पूर्ण व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा सुरुमा न्यून दर कायम गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्डको व्यवस्था गर्ने ।

## ङ. जडीवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:** गाउँपालिकालेचालु आर्थिक बर्षको आर्थिक ऐनमा गाउापालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अनय मृत वा मारिएका जीवजन्तुको हाड,सिंह प्वाँख, छालाजस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत  कर लगाइने र असुल

उपर गरिने उल्लेख गरेको छ । तर हालसम्म करको दर तोकेको हालसम्म संकलन गरेको छैन । अनुसूचीमा ४.१.२ मा पशु उपचार शुल्कको दर समेत उल्लेख गरेको छ जुन कानून सम्मत छैन र यसलाई आर्थिक ऐनबाट हटाउनु पर्ने देखिन्छ । तर आ.व. २०७४/७५ मा यसबाट रु. ५ लाख संकलन भएको देखिन्छ भने चालु आ.व.मा रु. ५ लाख नै अनुमान गरिएको छ ।

**संभावना (जडिबुटी कर):** जडिबुटी संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि यस गाउँपालिकामा बाँस लगायत जडीबुटी तथा अन्य गैह्रकाष्ठ वन पैदावरयुक्त क्षेत्र भएकाले व्यवसायिक कारोबार रहेको कारण जडिबुटी र कवाडी कर संकलनको संभावना रहेको छ । यस शीर्षकमा बार्षिक रु. ९० हजार संकलन हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:** यस कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- व्यवसायीहरुको दर्ता, अभिलेखीकरण गर्ने ।
- छुट्टै शीर्षकमा देखिने गरी यस शीर्षकको आम्दानी बाँध्ने ।
- जडीबुटीको व्यवसायिक खेतीको प्रवर्द्धन गर्ने ।

## च. विज्ञापन कर

**हालको अवस्था:** चालु आर्थिक बर्षको आर्थिक ऐनमा गाउँपलिका क्षेत्र भित्र हुने विज्ञापनमा निर्धारित दर बमोजिम विज्ञापन कर लगाई असुल उपर गर्ने व्यवस्था गरेको छ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । कानूनी व्यवस्था अनुसार विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गर्ने र संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई प्रदान गर्नु पर्दछ । यस शीर्षकमा आ.व. २०७४/७५ मा रु. १ लाख ५० हजार संकलन भएको थियो । चालु आ.व.मा रु. ३ लाख अनुमान गरिएको छ ।

**संभाव्यता:** यस गाउँपालिकाको मकैसिङ हटिया र बुट्टार, पल्लोटार, अग्लीडाँडा, थवाधी, ज्यामिरे, सिउरिङटार, फेदी बजार, सिर्जनाचोक, नेवार हटिया बजार, आमडाँडा र पौवाजबार जस्ता बजार क्षेत्रहरु विज्ञापनका लागि उपयुक्त रहेका छन् । केही मात्रमा विज्ञापन सामाग्रीहरु स्थापना हुने क्रममा रहेका छन् । आगामी वर्षका लागि रु. १ लाख अनुमान गरिएको छ । अध्ययन तथा परामर्शबाट गाउँपालिकामा सडक र बजारको विकास र विस्तासँग विज्ञापन सामाग्रीको बृद्धि हुदै जाने अनुमान गरिएको छ । गाउँपालिका क्षेत्रमा साना वोर्ड करिब २०० वटा, मझौला १०० वटा र ठूला साइजका बोर्ड करिब ५० वटा स्थापना हुने उक्त प्रति बोर्डको विज्ञापन करको दर औषतमा रु. ६०० दरले अनुमान गर्दा बार्षिक रु. २१०,००० विज्ञापन कर संकलन हुने र उक्त रकमको ६० प्रतिशतले हुन आउने **रकम रु. १२६,००० संकलन** हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:** विज्ञापन कर संकलन तथा व्यवस्थापनका लागि देहायअनुसारका कार्यहरु गर्नु पर्ने देखिन्छः

- विज्ञापन प्रवर्धनका लागि राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय व्यवसायीसँग समन्वय र सहकार्य गर्ने
- विज्ञापन एजेन्सीहरुसँग परामर्श र समन्वय गरी विज्ञापन सामाग्री जडानका लागि अनुरोध गर्ने
- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक लगत राख्ने ।
- विज्ञापनका सामाग्रीको साइज (आकार) अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने

### ३.३.२ गैरकर राजस्व

## क) बिक्रीबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

**हालको अवस्था:** केही नेपाल ऐन संशोधन ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

गाउँपालिकाले २०७६/७७ को आर्थिक ऐनमा ढुंगा, गिट्टी, बालुवा तथा माटोको विक्री दर निर्धारण गरेको छैन । गाउँपालिकाले प्रदेशले निर्धारण गरेको दर रु. ११९.९५ प्रति घनमिटर मा बालुवा विक्री गर्दै गरेको देखिन्छ । गाउँपालिकाले सो अन्तर्गत पर्ने त्रिशुली नदी र बुढीगण्डकी नदी क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination) गरी स्वीकृत गरेको छ । निर्धारित स्थानमा कानून बमोजिम ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट विक्री (प्राकृतिक श्रोत उपयोग शीर्षकमा) बाट हुने आय अन्तर्गत आ.व. २०७४/७५ मा रु. १५ लाख गरेको थियो भने चालु आ.व. १ करोड १ लाख ३० हजार अनुमान गरेको छ । सो अनुसार चालु आ.व.को वैशाख अन्त्यसम्ममा १५ लाख ३८ हजार ८ यस १४ रुपैया संकलन भएको देखिन्छ ।

**सम्भावना:** यस गाउँपालिकाको सीमामा त्रिशुली र बुढी गण्डकी नदी बगेको हुँदा कानुन निर्धारण गरे अनुसार बालुवा उत्खखन गरी विक्री गर्न सक्ने संभावना प्रचुर संभावना देखिन्छ । प्रारम्भिक वातावरणीय परीक्षणबाट शिफारिश परिणाममा प्रति घन मिटर रु. १०० विक्री दर निर्धारण गर्दा वार्षिक १ करोड ३० लाख बराबरको ढुंगा, बालुवा र गिट्टी बिक्री गर्न सकिने अनुमान गरिएको थियो । यससम्बन्धी संभावित आय विवरण देहायअनुसार प्रस्तुत गरिएकोछ ।

तालिका नं. ९: घर वहाल करदाता तथा कर संकलनको संभाव्यता

| क्लस्टर/क्षेत्र | स्थान | परिमाण (घन मिटर) | दर (रु. प्र.घ.मि.) | जम्मा (रु.) |
|---|---|---|---|---|
| १ | त्रिशुली नदी | ६५००० | १०० | ६,५००,००० |
| २ | बुढी गण्डकी | ६५००० | १०० | ६,५००,००० |
| **जम्मा** | | **१३००००** | | **१३,०००,०००** |

**सुधारका पक्षहरू :** यस शीर्षक आय संकलन र व्यवस्थापन र सुव्यवस्थित गर्न देहायअनुसारका कार्य गर्नु पर्ने देखिन्छ :

- स्थानीय सरकार संचालन ऐनको संशोधित व्यवस्था अनुसार ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु र दहत्तर तथा वहत्तर र जराजुरी विक्रीको दर निर्धारण गर्नु पर्ने र यसका लागि प्रदेशले निर्धारण गरेको दर वा छिमेकी स्थानीय सरकारले निर्धारण गरेको दरलाई आधार लिन सकिने
- कानूनी व्यवस्था अनुसार वातावरणीय अध्ययन परीक्षण गरी अध्ययन प्रतिवेदन तयार र अद्यावधिक गर्ने
- बजारको माग र आपूर्तीको अवस्था अनुसार आगामी आर्थिक बर्षको आर्थिक ऐनमा विक्रीको दर समावेश गर्ने
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् तथा बिक्रीका लागि ठेक्का आव्हन गर्ने ।
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्को सुनिश्चित गर्ने ।

- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिका स्वयंले अमानतबाट संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक निर्णय गर्ने ।
- प्रारम्भिक वातावरणीय परीक्षण गरी ठेक्का नलागुञ्जेलसम्मका लागि गाउँपालिका स्वयम्ले अमानतमार्फत् रकम संकलन गर्ने ।
- गाउँपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

## ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** गाउँपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसूचीमा उल्लेख भए अनुसार हाटवजार वा पसलमा उल्लेखित दरमा बहाल विटौरी शुल्क लगाउने र असुल उपर गर्ने व्यवस्था गरेको  छ । यस गाउँपालिकाको **३ स्थानमा हाट बजार** संचालन हुने गरेको छ । तर आर्थिक ऐनमा वहाल बिटौरी शुल्कको दर निर्धारण गरेको र हालसम्म शुल्क पनि संकलन गरेको छैन ।

**संभावना:** गाउँपालिकामा हाल १ स्थान (फुजेल) मा हाटबजार संचालन भैरहेको बहाल बिटौरी शुल्कका लागि १०-१२ स्थान  संभाव्य स्थलका रुपमा रहेका छन् । परामर्श तथा तथ्याङ्क संकलनको क्रममा हाटबजार लाग्ने स्थान लगायतका बजार क्षेत्रमा २०० जती व्यवसायीहरु र व्यक्तिहरु सरकारी जग्गामा व्यवसाय संचालन तथा बसोबास गरेको अनुमान गरिएको छ । प्रति महिना रु. ५० का दरले उपरोक्त संख्याका व्यवसायीहरुबाट बहाल विटौरी शुल्क संकलन गर्दा **बार्षिक करिब १ लाख २० हजार** संकलनको संभावना देखिन्छ ।

**सुधारका पक्षहरू:** यस गाउँपालिकाको वहाल विटौरी शुल्क संकलन र व्यवस्थापनमा सुधार ल्याउनको लागि देहायअनुसार कार्य गर्नु पर्ने प्रस्ताव गरिएको छ :

- गाउँपालिकाभित्र भएका सार्वजनिक जमिनको विवरण संकलन गर्ने ।
- वहाल विटौरी शुल्कको दायराभित्र हाटबजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने शुल्कलाई समावेश गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।

## ग) पार्किङ शुल्क

**हालको अवस्था:** चालु आर्थिक बर्षको आर्थिक ऐनमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत शुल्कको दर निर्धारण गरेको देखिदैन । तर आर्थिक ऐनको दफा १० को सेवा शुल्क र दस्तुर शीर्षकमा गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्जाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही सोही अनुसूचीमा व्यवस्था भएक अनुसार शुल्क लगाइने र असुल उपर गर्ने व्यवस्था गरेको छ । तर अनुसूचीमा उपलब्ध सेवा र सो दर नभै सिफारिश दस्तुरको दर निर्धारण गरेको छ । ऐनमा सेवा शुल्क र दस्तुरको व्यवस्था स्पष्ट नभएको देखिन्छ । गाउँपालिका क्षेत्रभित्र कुनै स्थानमा पार्किङ सुविधा उपलब्ध गराई हालसम्म पार्किङ शुल्क संकलन भएको दैखिदैन ।

**संभावना:** गाउँपालिकाका ८ वटै वडाहरुमा सार्वजनिक यातायात साधन संचालनमा रहेका छन् । सडकको विस्तार र स्तरोन्नतिसँगै सार्वजनिक सवारी साधनको आवागनम बृद्धि हुँदै गएको छ । पार्किङस्थलको आवश्यता पर्ने देखिएको छ । नियमित सवारी साधन आवागमन गर्ने गाउँपालिकाको ५-६ स्थानमा पार्किङ स्थलको व्यवस्था गर्नु पर्ने देखिएता पनिभएता पनि तत्कालै पुर्वाधार तयार गरि शुल्क संकलन गर्ने सम्भावना देखिदैन ।

## घ) नक्सा पास दस्तुर

**हालको अवस्था:** चालु आर्थिक बर्षको आर्थिक ऐनमा नक्सापास दस्तुरको दर निर्धारण गरेको र नक्शापास सेवा शुल्क, नक्शापास निवेदन दस्तुर र नक्शापास दस्तुरको नाममा संकलन संकलन गरेको छ। गाउँपालिकाले आ.व. २०७४/७५ मा रु. २ लाख र आ.व. गरको थियो र चालु आ.व.मा रु. ५ लाख अनुमान गरेकोमा हालसम्म रु. १ लाख २ हजार २३३ रुपैया संकलन भएको देखिन्छ।

**सम्भावना:** यस गाउँपालिकामा भूकम्प पश्चात्को पुननिर्माणको क्रममा पक्की घरहरु निर्माणमा क्रमिक रुपले बृद्धि हुँदै गएको छ। निर्माण भएका घरको अभिलेखीकरण पनि आवश्यक देखिएको छ। संघीय कानूनी व्यवस्था अनुसार आर्थिक ऐनमा अद्यावधिक नयाँ निर्माण हुने सबै घरहरुको विद्यमान नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरुको हकमा अभिलेखीकरण गर्नु आवश्यक छ। गाउँपालिकामा प्रक्षेपण अनुसार ६००० जती घरधुरी रहेको र आगामी आ.व.मा प्रति बर्ष १५० पक्की घर निर्माण तथा रेट्रोफिटिङ हुने तथा १०० घरको अभिलेखीकरणको दायरामा ल्याउन सकिने अनुमान गरिएको छ। औषतमा नक्शापास प्रति घरधुरी रु. ३००० र अभिलेखीकरण दस्तुर रु. २५०।- लगाउँदा बार्षिक **रु. ४७५,०००** नक्शापास दस्तुर संकलन हुन सक्ने अनुमान गरिएको छ।

**सुधारका पक्षहरू:** घर नक्सापास तथा अभिलेखीकरणले भवन निर्माण प्रक्रियालाई नियमन गर्ने भएकोले यसलाई प्रभावकारी वनाउन देहायअनुसारका पहल गर्न पर्ने देखिन्छ।

- घर नक्शापास तथा अभिलेखीकरण कार्य सम्पत्ती कर तथा मालपोत संकलनसँग आवद्ध गरी वार्षिक रुपमा सचेतना अभियान सञ्चालन गर्ने
- वस्ती तथा भवन निर्माण आधारभूत मापदण्ड तथा कार्यविधि अनुसार नक्सापास प्रावधान लागु गर्ने।
- घरको बनौट, उचाई तथा किसिमको आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने।

## ङ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था:** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन्। गाउँपालिकाले ***"घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र लगायत*** व्यवसायको दर्ता र इजाजत पत्र व्यवस्था आर्थिक ऐनमा गरेको छैन।

**सम्भावना :** गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ। गाउँपालिकामा यस्ता व्यवासायिक फर्महरु बार्षिक ५० वटा फर्मको दर्ता अनुमती हुने प्रस्ताव गरिएको छ। प्रति फर्म वार्षिक औसत रु. २००० रजिष्ट्रेशन दस्तुर लिँदा कुल **रु. १००,०००** संकलन गर्न सकिने देखिन्छ।

**सुधारका पक्षहरू:**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नु पूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने।

## च) सेवा शुल्क, सिफारिश तथा प्रमाणित दस्तुर :

**हालको अवस्था:** गाउँपालिकाले चालु आर्थिक वर्ष २०७६/७७ को आर्थिक ऐनमा गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचीमा उल्लिखित स्थानीय पूर्जाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही

सोही अनुसूचीमा व्यवस्था भएक अनुसार शुल्क लगाइने र असुल उपर गर्ने व्यवस्था गरेको छ। आर्थिक ऐन दफामा पूर्वाधार उपयोग शुल्कको व्यवस्था गरी अनुसुचीमा सिफारिश दस्तुरको दर उल्लेख गरिएको छ।

विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ। आर्थिक ऐनले सेवा शुल्क दस्तुर विभिन्न शीर्षकमा दस्तुरको दर निर्धारण गरेको छ। सिफारिश तथा प्रमाणित दस्तुर बापत आ.व. २०७४/७५ मा कुल रु. १२ लाख र आव. २०७५/७६ मा १५ लाख ५ हजार १ सय ६६ रुपैया संकलन भएको देखिन्छ। चालु आ.व.मा ७ लाख शिफारिश दस्तुरमा ७ लाख ५० हजार अनुमान गरेकोमा ८ लाख २५ हजार ८ सय ९१ रुपैया र सेवा शुल्क २ लाख ५ हजार अनुमान गरेकोमा ६ लाख ४९ हजार ५ सय ७७ रुपैाया संकलन भएको देखिन्छ ।

**सम्भावना:** कार्यशाला तथा अध्ययन परामर्श र वर्तमानमा कार्यपालिका कार्यालय र वडा कार्यालयहरूले गर्ने विभिन्न सिफारिशको आधारमा विश्लेषण गर्दा प्रति दिन २५ वटाको दरले वार्षिक ७,५०० विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ। विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. २०० दस्तुर कायम गरेमा दस्तुरबा **वार्षिक कुल रु. १५,००,०००** संकलन हुन सक्ने अनुमान गरिएको छ। यसै गरी अन्य सेवा शेवा शुल्क अन्तर्गत सम्पत्ती मूल्याङ्कन सेवा शुल्क वापत बार्षिक एकमुष्ट रु. २ लाख ५० हजार संकलनको अनुमान गरिएकोछ।

**सुधारका पक्षहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

# परिच्छेद - चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी संरचना तथा नीति

गाउँपालिकाको राजस्वसम्बन्धी नीति तर्जुमा, अध्ययन र प्रक्षेपण र परिचालनका लागि उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

**तालिका नं. १०: राजस्व परामर्श समिति**

| क्र.सं. | पदाधिकारीको पद र विवरण | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | ललिता अधिकारी, उपाध्यक्ष | संयोजक |
| २ | राकेश गुरुङ, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | प्रतिनिधि, घरेलु तथा साना उद्योग विकास समिति | सदस्य |
| ४ | प्रतिनिधि, उद्योग बाणिज्य संघ, प्रतिनिधी | सदस्य |
| ५ | रिममाया थापा मगर, कार्यपालिका सदस्य | सदस्य |
| ६ | रामप्रसाद रेग्मी, कार्यपालिका सदस्य | सदस्य |
| ७ | लक्ष्मी बुढाथोकी, राजस्व शाखा प्रमुख | सदस्य सचिव |

राजस्व परामर्श समितिले कानूनी व्यवस्था तथा आवश्यकता अनुसार बैठक, अध्ययन, छलफल र परामर्श गरी राजस्वका दररेटहरू तथा राजस्वसम्बन्धी नीतिगत शिफारिश कार्यपालिकामा पेश गर्ने गरेको छ । समितिले बार्षिक रुपमा राजस्व सम्बन्धी नीति, आर्थिक ऐन र अन्य कानूनी र प्रक्रियागत व्यवस्था तर्जुमा गर्ने गरेको छ । चालु आर्थिक बर्ष २०७६/७७ राजस्व सम्बन्धी नीति तथा कानुन र कार्यविधिहरु तर्जुमा गरेको छ । स्थानीय राजस्व परामर्श समिति गठन र त्यसको जिम्मेवारी सम्बन्धी कानुनी व्यवस्था **अनुसूची ५** र उक्त समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा **अनुसूची ६** मा संलग्न गरिएको छ ।

गाउँपालिकाको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा आन्तरिक श्रोत परिचालनमा लिइएका नीति देहायअनुसार रहेका छन् :

*क) सम्पत्ती कर, विज्ञापन कर, ब्यबसाय कर, घर बहाल करलाई ब्यबस्थित रुपमा संकलन गर्न गाउँपालिका भित्रका विद्यालयहरुसँग साझेदारी तथा सहकार्य गरी करदाता शिक्षा तथा करदाता लगत तथा सूचना संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।*

*ख) करको दर परिमार्जन सहित करका दायराहरु फराकिलो पार्ने र नयाँ स्रोतहरुको पहिचान गरिनेछ ।*

*ग) गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।*

*घ) समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसला स्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।*

*ङ) गाउँपालिकाको प्रमुख आयस्रोत सम्पत्ती करलाई व्यवस्थित गरी ब्यबस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ ।*

*च) राजश्व संकलन तथा परिचालनसम्बन्धी कार्यलाई प्रचलित नीति, कानुन, कार्यविधि र मार्गदर्शन बमोजिम व्यवस्थित बनाई राजश्व अभिबृद्धि गरिनेछ ।*

*छ) गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने गाउँपालिकाबासीहरुको क्षमता, छिमेकी तथा अन्य गाउँपालिकाहरुको तुलनात्मक अध्ययन, प्रचलित ऐन तथा नियमको प्रावधान बमोजिम करका दर निर्धारण गरिनेछ ।*

*ज) आन्तरिक आयमा बढोत्तरी गर्न आन्तरिक आयका क्षेत्रहरुको संभाव्यता अध्ययन तथा दर निर्धारणका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।*

## ४.२ विगतको आय परिचालनको अवस्था

यस गाउँपालिकको कुल आय बजेटमा आन्तरिक आयको हिस्सा नगण्य रहेको छ । आन्तरिक आयतर्फ सिफारिश ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट विक्री, शिफारिश तथा प्रमाणित दस्तुर, मालपोत गाउँपालिकाको मुख्य आयस्रोतको रुपमा रहेका छन् । आन्तरिक आय तर्फ गाउँपालिकाको लागि सम्पत्ति कर, व्यवसाय कर, मालपोत, शिफारिस दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन् । चालु आ.व.मा ढुंगा, गिट्टी, बालुवा र स्लेट विक्रीको लागि रु. १ करोड ३ हजार संकलन हुने अनुमान गरिएको छ । यस गाउँपालिकामा घरबहाल कर, जडीबुटी कवाडी जीवजन्तु कर तथा हाटबजार समेत संचालनमा रहेको हुँदा बहालविटौरी शुल्कको समेत संभावना रहेको देखिन्छ ।

गाउँपालिकामा विगत आर्थिक वर्षहरुको शीर्षकगत आयको स्पष्ट तथ्याङ्को अभिलेख रहेको देखिँदैन । हालसम्म आन्तरिक आयको अनुमान गर्दा कानून अनुसारको उपयुक्त शीर्षक तथा नेपाल सरकारबाट स्वीकृत आर्थिक सकेत अनुसार नभएको पाइन्छ । यसले गर्दा गाउँपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थपरक तथा प्रभावकारी बनाउन कठिनाई रहेको छ । गाउँपालिकाकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाले विगत आ.व. २०७४/७५ र २०७५/७६ मा संकलन गरेको यथार्थ आय, चालु आ.व.का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहायअनुसार रहेको छ:

### तालिका नं. ११: गाउँपालिकाको आय वृद्धिदर

*रु. हजारमा*

| आय शीर्षक | २०७४/७५ को यथार्थ आय | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | ७०७५ | ६४८५ | १६६१० |
| सम्पत्ती कर | - | - | ५०० |
| मालपोत (भूमी कर) | २००० | ५०० | १००० |
| व्यवसाय कर | ५०० | ४५४ | ९९० |
| घर वहाल कर | ५० | ३१ | ४० |
| विज्ञापन कर | १५० | १०० | १०० |
| जडिबुडी तथा कवाडी कर | ५०० | ५०० | ५०० |
| ढुङ्गा, गिट्टी, वालुवा र स्लेट विक्री | १५०० | २००० | १०१३० |
| अन्य विक्री (लिलाल, फाराम, बोलपत्र समेत) | ७५ | ५० | ५० |
| सम्पत्ती मूल्याङ्कन शुल्क र अन्य सेवा शुल्क | १५० | २५० | १०० |
| स्थानीय पूर्वाधार उपयोग शुल्क | ६०० | ६०० | १००० |
| नक्शापास दस्तुर (घर अभिलेखीकरण) | ५० | २५० | ५०० |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १५० | २०० | २०० |
| निवेदन तथा शिफारिस दस्तुर (सबै) | १३५० | १५५० | १५०० |
| **ख. राजस्व बाँडफाँडबाट प्राप्त आय** | १००० | ५३१२२ | ५३२११ |
| संघीय सरकार (मु.अ.कर र अन्तःशुल्क) बाँडफाँड | - | ५१५३८ | ५०३४० |
| प्रदेश सरकार (सवारी कर) बाँडफाँड | - | १५०० | १८७१ |
| घरजग्गा रजिष्ट्रेशन शुल्क बाँडफाँड | १००० | ८४ | १००० |
| **ग. रोयल्टी** | | | |
| रोयल्टी बाँडफाँड (वन, विद्युत, पर्वतारोहण, खानी) | - | - | - |
| **घ. अनुदान** | ३२४८७२ | २९१४८५ | ३८०२७२ |
| संघ सरकार समानीकरण अनुदान | १६०५८१ | १३३००० | १३४१०० |
| संघ सरकार सशर्त अनुदान | १०९२९१ | १५२५९७ | १५९००० |
| संघ सरकार समपुरक अनुदान | ० | ० | ० |
| संघ सरकार विशेष अनुदान | ० | ० | ० |
| प्रदेश सरकार समानीकरण अनुदान | ० | ५८८८ | १२१७२ |
| प्रदेश सरकार सशर्त अनुदान | ० | ० | ५००० |
| प्रदेश सरकार समपुरक अनुदान | ० | ० | १०००० |

| आय शीर्षक | २०७४/७५ को यथार्थ आय | २०७५/७६ को यथार्थ आय | २०७६/७७ को अनुमानित आय |
|---|---|---|---|
| प्रदेश सरकार विशेष अनुदान | ० | ० | ० |
| सामाजिक सुरक्षा अनुदान | ५५००० | ० | ६०००० |
| एल.जि.सि.डि.पि. र अन्य अनुदान | ० | ० | ० |
| **कुल जम्मा** | ३३२९४७ | ३५१०९२ | ४५००९३ |

माथिको तालिकाबाट यस गाउँपालिकाको आय संरचना हेर्दा माथि उल्लेख गरिएअनुसार आन्तरिक आयको हिस्सा निकै कम देखिन्छ र गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघ तथा प्रदेश सरकारबाट विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान रकम नै रहेको देखिन्छ । उल्लिखित तालिका अनुसार गाउँपालिकाको समग्र आयको सारांश देहायअनुसार रहेको छ :

**तालिका नं. १२: गाउँपालिकाको कुल आयमा योगदान**

*रु हजारमा*

| आय शीर्षक | आ.व अनुसार यथार्थ आय | | | | अनुमानित आय | |
|---|---|---|---|---|---|---|
| | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| क. आन्तरिक आय | ७०७५ | २.१२ | ६४८५ | १.८७ | १६६१० | ३.६९ |
| ख. राजस्व बाँडफाँडबाट प्राप्त आय | १००० | ०.३० | ५३१२२ | १५.१३ | ५६२११ | ११.८२ |
| ग. रोयल्टी बाँडफाँड | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| घ. अनुदान | ३२४८७२ | ९७.५७ | २९१४८५ | ८३.०२ | ३८०२७२ | ८४.४९ |
| **कुल जम्मा** | ३३२९४७ | १००.०० | ३५१०९२ | १००.०० | ४५००९३ | १००.०० |

## ४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी संगठन स्वरुप तयार गर्ने तथा कर्मचारीको दरबन्दीको एकीन गर्ने र कार्यविवरण तयारी कार्य भएको छैन । परामर्श, अवलोकन तथा उपलब्ध सूचना विवरणको आधारमा हाल गाउँपालिकाको राजस्वसम्बन्धी संस्थागत व्यवस्था र क्षमता देहायअनुसार रहेको छ :

- राजस्व सम्बन्धी न्यूनतम कार्य आर्थिक प्रशासन शाखाबाट भइरहेको ।
- राजस्व प्रशासनमा कम्प्युटर तथा सफ्टवेयरको जडान तथा प्रयोग नभएको ।
- राजस्व संकलनमा नगदी रसिदको प्रयोग भइरहेको ।
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा विशेष गरी आर्थिक संकेत अनुसार नभएको ।
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल कम रहेको ।
- आर्थिक ऐनको अलवा राजस्व परिचालन सम्बन्धी छुट्टै नीति र कानून नरहेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरणमा कमी रहेको ।
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन कमी रहेको ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न देहायअनुसारको कार्य गर्न आवश्यक देखिन्छ ।

### क. संगठनात्मक संरचना निर्माण

राजस्व स्रोत तथा आधार वृद्धि र परिचालन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना स्वीकृत गर्ने सो अनुसार गाउँपालिकामा राजस्व इकाई स्थापना, आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु

आवश्यक देखिन्छ । यसका साथसाथै गाउँपालिकाको राजस्व अधिकार तथा परिचालनको आवश्यकताको आधारमा भौतिक सुविधा, कार्यविधि, क्षमता अभिबृद्धि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ। त्यसका अतिरिक्त वडा कार्यालयहरुबाट समेत तोकिएका शिर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

### ख. आर्थिक ऐनमा सुधार

गाउँपालिकाले प्रत्येक बर्ष आर्थिक ऐन तर्जुमा गरी गाउँ सभाबाट स्वीकृत गरेको छ र उक्त ऐनमा संविधान तथा प्रचलित ऐन नियमसँग बाँझिएका व्यवस्था र कमी देखिएका व्यवस्थाहरुमा सुधार गर्नु पर्ने देखिन्छ। आर्थिक ऐनमा मनोरञ्जन कर, निकासी कर र पशुपंक्षी उपचार शुल्कको व्यवस्था गरिएको छ । जुन संविधानाको भावना तथा प्रचलित संघीय कानुनी व्यवस्था विपरित छ । साथै ऐनमा एकीकृत सम्पत्ती कर उल्लेख गरिएको छ र घरकर संकलन गरिएको छ। व्यवसाय करमा शिफारिश दस्तुरसमेत समावेश गरिएको छ। यस्ता संविधान र कानूनसम्मत नभएका विषयहरु नियमित गर्नु पर्ने देखिन्छ। आगामी आ.व. २०७७/७८ को आर्थिक ऐनको मस्यौदा अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ। यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु समावेश गर्नु पर्नेछ । यस गाउँपालिकामा हालसम्म यससम्बन्धी नीति तथा कार्यविधि तयार हुन सकेको छैन ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

हालको कानुनी व्यवस्था अनुसार गाउँपालिकाले राजस्व संकलनका शीर्षक अनुसार दर निर्धारण गरी प्रचार प्रसार गर्न आवश्यक देखिन्छ। त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम, छुट र दण्डसम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

### ङ. तथ्याङ्कमा आधारित अभिलेख

गाउँपालिकाको आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित नीजि सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक देखिन्छ । बिना अद्यावधिक अभिलेख राजस्वसम्बन्धी नीति निर्धारण, प्रक्षेपण तथा असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### च. समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, कर, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई बढाउनु पर्दछ । आय संकलनमा वडा कार्यालयको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बीच निरन्तर समन्वय र साझेदारी हुन जरुरी देखिन्छ। त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न समन्वय संयन्त्र, नियमित संवाद र अन्य आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

### च. सामाजिक आर्थिक अवस्था

यस गाउँपालिकामा बसोबास गर्ने गाउँपालिकाबासीहरुको आर्थिक क्षमतामा कमी रहेको र आजआर्जनका अवसरहरुको कमी रहेको छ। कृषि उत्पादन निर्वाहमुखी छ र उद्योग तथा व्यवसायको शुरुवाती अवस्थामा रहेका छन्। गाउँपालिकाबासीको ठूलो हिस्साको कर तिर्न सक्ने आर्थिक क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको देखिन्छ। यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञानको कमी रहेको हुँदा स्थानीय करको दर तथा संकलन व्यवस्थापन संवेदन देखिन्छ।

### छ. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकामा आन्तरिक आयको संकलन अवस्थाको अनुगमन गरी नियमन र हुन सक्ने चुहावट र अनियमितता नियन्त्रण गर्न आवश्यक कार्यहरु गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले कर, शुल्क र दस्तुरका दर बारे जानकारी प्रदान गर्नु, आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद - पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा गाउँपालिकाले आगामी आर्थिक वर्षहरुमा राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागि तत्काल गर्नुपर्ने कृयाकलापहरुको पहिचान गरि कार्ययोजनाको रुपमा प्रस्तुत गरिएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

परामर्शदाताद्वारा संकलित तथ्यांक तथा सूचनाहरु, तिनीहरुको विश्लेषणबाट आएका नतिजाहरू तथा गाउँपालिकाका सम्वद्ध पक्षहरुसंग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ । यस कार्ययोजनाका कार्यहरूलाई बृहत् रुपमा देहायअनुसार तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना

ख. गैरकर राजस्व सुधार योजना

ग. राजस्व प्रशासन सुधार योजना

तालिका नं. १३: राजस्व सुधार कार्ययोजना

**क. कर राजस्व सुधार योजना**

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर/मालपोत** | | |
| १.१ | मालपोत कार्यालयहरुबाट जग्गाको नयाँ लगत निकाल्ने र वडाबाट मालपोतको लगत तयार गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष |
| १.२ | मालपोत सम्बन्धी तथ्याङ्क तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| १.३ | घुम्ती सेवा संञ्चालन गरी मालपोतको विवरण संकलन, अद्याधिकीकरण तथा कर संकलन गर्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| २ | **सम्पत्ति कर** | | |
| २.१ | सम्पत्तीको मुल्याङ्कन विधि समेत सम्पत्ती कर व्यवस्थापन कार्यविधि तयार र स्वीकृत गर्ने | २०७७ पौष समान्त सम्म | राजस्व परामर्श समिति र गाउँ सभा |
| २.२ | सम्पत्ती कर र सम्पत्तीको स्वयंघोषणा प्रक्रिया बारे वडास्तरमा सचेतना कार्यक्रम संचालन गर्ने | निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालय, |
| २.३ | सम्पत्ती कर लगायत अन्य करको लागि सफ्टवयर खरिद तथा सो सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०७७ माघ मसान्त | राजस्व उपशाखा र प्रमुख प्रशासकीय अधिकृत |
| २.४ | सम्पत्ती कर प्रशासनका लागि आवश्यक भौतिक सामग्रीको व्यवस्था गरी वडा कार्यालयहरुबाट मालपोतसँगै सम्पत्ति कर संकलनको व्यवस्था गर्ने | २०७७ माघ मसान्तसम्म | राजस्व उपशाखा तथा वडा कार्यालय, |
| ३ | **घर जग्गा वहाल कर** | | |
| ३.१ | सम्पत्ती करको लागि सम्पत्तिको विवरण सहित करदाताको अभिलेख तयार गर्दा वहालमा भएका घरजग्गाको लगत समेत अद्यावधिक गर्ने | २०७७ पौष समान्त सम्म | प्रमख प्रशासकीय अधिकृत र वडा कार्यालय |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ३.२ | घर वहालमा लगाउने घरधनीहरुलाई बहाल कर सम्बन्धमा जानकारी गराई करको दायरामा ल्याउने | निरन्तर | राजस्व उपशाखा र वडा कार्यालय |
| ४. | **व्यवसाय कर** | | |
| ४.१ | व्यवसायको पहिचान, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसाय रजिष्ट्रेशन कार्यविधि तयार गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकिय अधिकृत |
| ४.२ | व्यवसायको वर्गीकरणका आधारमा व्यवसायको दर्ता र बार्षिक नविकरणको रुपमा व्यवसाय करको व्यवस्था गर्ने | निरन्तर | राजस्व परामर्श समिति र गाउँसभा |
| ४.३ | व्यवसाय दर्ता तथा कर संकलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गर्ने | निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालयहरु |
| ४.४ | उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र सम्बन्धित पक्षहरुसँग समन्वय र नियमित अन्तरक्रिया गर्ने | चौमासिक | गाउँ कार्यपालिका |
| ५. | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | | |
| ५.१ | जडीबुटी तथा कवाडी वस्तु संकलनको सम्भाव्य क्षेत्र र व्यवसायीको पहिचान गरी बिक्री हुने परिमाण र बजार मुल्य एकिन गर्ने | २०७७ माघ मसान्तसम्म | सम्बन्धित वडा कार्यालय |
| ५.२ | आर्थिक ऐन तथा राजस्व व्यवस्थापन कार्यविधिमा जडीबुटी र कवाडी कर संकलनको व्यवस्था गर्ने | निरन्तर | राजस्व परामर्श समिति र गाउँसभा |
| ६ | **विज्ञापन कर** | | |
| ६.१ | गाउँपालिका क्षेत्रमा राखिएका विज्ञापन सामाग्रीको स्थल तथा किसिम पहिचान गर्ने र सो सम्बन्धी लगत संकलन गर्ने | २०७७ माघ मसान्तसम्म | राजस्व परामर्श समिति र प्रमुख प्रशासकीय अधिकृत |
| ६.२ | विज्ञापन करको संकलनको लागि सम्बन्धित कम्पनी विज्ञापन एजेन्सीसँग समन्वय तथा अन्तरक्रिया गर्ने | निरन्तर | राजस्व परामर्श समिति र गाउँ सभा |

## ख. गैरकर राजस्व सुधार योजना

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १. | **ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री** | | |
| १.१ | उपलब्ध मापदण्ड बमोजिम संभाव्य नदी खोला र अन्य स्थानबाट ढुंगा गिट्टी र वालुवा र स्लेटको उत्खननसम्बन्धी नीतिगत निर्णय गर्ने | २०७७ पौष मसान्त सम्म | कार्यपालिका |

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १.२ | उल्लेखित स्रोतहरुमा वातावरणीय अध्ययन र परीक्षण गराई प्रतिवेदन स्वीकृत गर्ने | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा |
| १.३ | वातावरणीय परीक्षण प्रतिवेदनमा निर्धारित परिमाणमा ठेक्का प्रक्रियाद्धारा शुल्क संकलनको व्यवस्था गर्ने र नभए अमानतबाट संकलनको व्यवस्था गर्ने | निरन्तर | कार्यपालिका |
| १.४ | संकलन र बिक्री प्रक्रियाको नियमित अनुगमन सुनिश्चित गर्ने | निरन्तर | कार्यपालिका |
| **२** | **नक्सा पास दस्तुर** | | |
| २.१ | घर निर्माण गर्दा नक्सा पास अनुमतिलाई कडाई गर्ने | निरन्तर | कार्यपालिका |
| २.२ | गाउँपालिका भित्र भएका पक्की तथा कच्ची घरहरुको अभिलेखीकरण गर्ने | निरन्तर | कार्यपालिका र प्रविधिक शाखा |
| २.३ | निर्माण भइसकेका घरहरुको अभिलेखीकरणका घरधनीहरुलाई अभिलेख गराउन सूचित गर्ने | निरन्तर | गाउँ सभा, कार्यपालिका र प्राविधिक शाखा |
| २.४ | नक्सापास तथा अभिलेखीकरण गर्नुपर्ने प्रावधान सहित सो प्रक्रिया बारे नागरिकलाई सुचीत गर्ने | निरन्तर | प्राविधिक शाखा<br>वडा कार्यालयहरु |
| **३** | **बहाल विटौरी शुल्क** | | |
| ३.१ | गाउँपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक संकलन गर्ने | २०७७ चैत्र मसान्त सम्म | प्राविधिक तथा प्रशासन शाखा |
| ३.२ | सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचना र विद्यमान उपयोगको योजना तयार गर्ने | २०७७ चैत्र मसान्त | राजस्व परामर्श समिति र गाउँसभा |
| ३.३ | विटौरी शुल्क तिर्नुपर्ने करदाताहरुलाई सूचित गर्ने | निरन्तर | आर्थिक प्रशासन शाखा |
| **४.** | **दर्ता, नवीकरण तथा अनुमती दस्तुर** | | |
| ४.१ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो संचालन, स्थानीय स्तरमा व्यापारीक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने (मन्त्रालयले तयार गरेको नमुना कार्यविधिको आधारमा) | २०७७ माघ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत तथा कार्यपालिका |
| ४.२ | गाउँपालिकाबाट अनुमति लिनु पर्ने व्यावसायको दर्ता तथा नवीकरण बारे व्यवसायी र सरोकारवाला बीच समन्वय तथा छलफल गर्ने | निरन्तर | राजस्व परामर्श समिति, गाउँ सभा |
| **५.** | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ५.१ | गाउँपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गरी सम्भाव्यता अध्ययनका लागि आवश्यक बजेट विनियोजन गर्ने<br>- हाटबजार व्यवस्थापन<br>- पर्यटकीय तथा बजार क्षेत्रको व्यवस्थापन<br>- खानेपानी तथा जलविद्युत आयोजना संचालन<br>- अस्पताल निर्माण तथा सञ्चालन<br>- अतिथी गृह तथा तालिम हल व्यवस्थापन | बार्षिक | गाउँ कार्यपालिका, गाउँ सभा |

## ग. राजस्व प्रशासन सुधार योजना

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने<br>- राजस्व अधिकारका संभाव्य शिर्षकहरुमा करमा प्रगतिशिल दर तथा लागतको आधारमा शुल्कको दर अद्यावधिक गर्ने<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने । | २०७७ साल असार मसान्त | राजस्व परामर्श समिति, गाउँ सभा |
| १.२ | राजस्व परिचालन सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा गर्ने | २०७७ माघ मसान्तसम्म | गाउँ कार्यपालिका |
| **२** | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| २.१ | आर्थिक प्रशासन शाखा अर्न्तगत राजस्व उपशाखा गठन गरी उपशाखालाई स्रोत साधन सम्पन्न बनाउने | २०७७ कार्तिक देखी निरन्तर | कार्यपालिका |
| २.२ | राजस्व उपशाखाका लागि कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने | २०७७ पौष मसान्त | प्रमुख प्रशासकीय अधिकृत |
| २.३ | राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने | २०७७ माघ | प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **तथ्याङ्क तथा अभिलेख व्यवस्थापन** | | |
| ३.१ | विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षकमा आम्दानी बाँध्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ३.२ | सबै वडा कार्यालयहरुमा राजस्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङ सुरुवात गर्ने | २०७६ पौष देखी | प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **करदातामैत्री/करदाता लक्ष्यित कार्यक्रम** | | |
| ३.१ | विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने | निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| ३.२ | सबभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने | बार्षिक | गाउँ कार्यपालिका |
| **४** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| ४.१ | यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने | २०७७ पौष देखी | प्रमुख प्रशासकीय अधिकृत |
| ४.२ | कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने | निरन्तर | कार्यपालिका, गाउँ सभा |

# परिच्छेद - छ : आन्तरिक आय तथा राजस्व प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरुका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को शीर्षकको आधारमा आय प्रक्षेपण गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७७/७८ देखि २०७९/८०) को लागि राजस्व प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आन्तरिक राजस्वका आधारहरुको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

### तालिका नं. १४: आगामी तीन आव.का लागि राजस्व प्रक्षेपणका आधार

रु.हजारमा

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| **क** | **आन्तरिक आय तर्फ** | | | **१७,६७०** |
| १ | सम्पत्ति कर | २,८४३ | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १,४२२ |
| २ | भूमी कर (मालपोत) | १,०५० | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ७३५ |
| ३ | घर बहाल कर | २४० | कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा २० प्रतिशतले बढ्दै जाने | १८० |
| ४ | बहाल विटौरी शुल्क | १२० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १०८ |
| ५ | व्यवसाय कर | १,२७४ | कुल सम्भावनाको ८५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १,०८३ |
| ६ | जडिबुटी, कवाडी, जिवजन्तु कर | ९० | कुल सम्भावनाको ७५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ६८ |
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १०० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ९० |
| ८ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १०० |
| ९ | अन्य बिक्रिबाट प्राप्त रकम | ५० | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्री वाट आ.ब. २०७७७८ मा रु ५० हजार संकलन हुने र त्यसपछि बार्षिक १५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान | ५० |
| १० | *अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी, बालुवा बिक्री)* | १३,००० | कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ११,७०० |
| ११ | प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | २५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २५० |
| १२ | नक्सापास दस्तुर | ४७५ | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ४७५ |
| १३ | सिफारिश दस्तुर | ६०० | | ६०० |
| १४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ५० | | ५० |
| १५ | नाता प्रमाणित दस्तुर | १०० | | १०० |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १६ | अन्य दस्तुर | ३०० | | ३०० |
| १७ | न्यायिक दण्ड, जरिवाना र जफत | १० | | १० |
| १८ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५० | | ५० |
| १९ | अन्य राजस्व | ३०० | अन्य आय वार्षिक ३ लाख हुने अनुमान | ३०० |
| **ख** | **राजश्व बाँडफाँड** | | | **५७,१७६** |
| **ख.१** | **संघीय सरकार** | | | |
| १ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जान | ४९,८३७ |
| २ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | |
| ३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफारिशको आधारमा र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ३ |
| ४ | बाँडफाँड भई प्राप्त खनिज सम्बन्धी रोयल्टी | | | १९५ |
| **ख.२** | **प्रदेश सरकार** | | | |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | आ.व. २०७७७८मा २५ लाख र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २,५०० |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ४,४९५ |
| ३ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | आ.व. २०७७७८ मा रु २० हजार प्राप्त हुने र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २० |
| ४ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | २१० | आ.व. २०७७७८मा पालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | १२६ |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | | **४८२,२५६** |
| **ग.१** | **संघीय सरकार** | | | |
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १३४,१०० |
| २ | शसर्त अनुदान | | | २४२,३०० |
| ३ | समपुरक अनुदान | | | १६,७०० |
| ४ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा समेत)* | | आ.ब. २०७७७८ मा रु ६ करोड ५० लाख प्राप्त हुने र त्यसपछि बार्षिक ५ प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | ६५,००० |
| ५ | अन्य अनुदान पूँजीगत | | | |
| **ग.२** | **प्रदेश सरकार** | | | |
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १२,१५६ |
| २ | शसर्त अनुदान | | | ३,००० |
| ३ | विषेश अनुदान | | | २,००० |
| ४ | समपुरक अनुदान | | | ५,००० |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | | | |
| १ | अन्य संस्थागत आन्तरिक अनुदान | | आ.ब. २०७७७८ मा रु १० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | १,००० |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
|---|---|---|---|---|
| २ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | जनताको लागत सहभागितावाट आ.ब. २०७७७८ मा रु १० लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | १,००० |

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको अवस्थामा गाउँपालिकाको आय बजेट देहाय अनुसार हुने देखिन्छ ।

**तालिका नं. १५: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण**

रु.हजारमा

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| **१००००** | **राजस्व तथा अनुदान** | **३५१,०९२** | **४५०,०९३** | **५५७,१२४** | **५८६,८६८** | **६१८,३७०** |
| **क.** | **आन्तरिक आय** | **६,३८५** | **१६,५१०** | **१७,६९२** | **२०,२२६** | **२३,१३३** |
| ११३१३ | सम्पत्ति कर | - | ५०० | १,४२२ | १,६३५ | १,८८० |
| ११३१४ | भूमी कर/मालपोत | ५०० | १,००० | ७३५ | ८४५ | ९७२ |
| ११३२१ | घर बहाल कर | ३१ | ४० | १८० | २१६ | २५९ |
| १४६११ | व्यवसाय कर | ४५४ | ९९० | १,०८३ | १,२४५ | १,४३२ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | - | ९० | १०४ | ११९ |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | - | - | १०८ | १२४ | १४३ |
| ११६११ | जडिबुटी, कवाडी तथा जिवजन्तु कर | ५०० | ५०० | ९० | १०४ | ११९ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | - | १०० | ११० | १२१ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम | ५० | ५० | ५० | ५८ | ६६ |
| १४२१९ | बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | २,००० | १०,१३० | ११,७०० | १३,४५५ | १५,४७३ |
| १४२२९ | प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | २५० | १०० | २५० | २८८ | ३३१ |
| १४२४२ | नक्सापास दस्तुर | २५० | ५०० | ४७५ | ५२३ | ५७५ |
| १४२४३ | सिफारिश दस्तुर | १,७५० | १,७०० | ६०० | ६६० | ७२६ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | | | ५० | ५५ | ६१ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | १०० | ११० | १२१ |
| १४२४९ | अन्य दस्तुर | | | ३०० | ३३० | ३६३ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | - | - | १० | ११ | १२ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | - | - | ५० | ५५ | ६१ |
| १४५२९ | अन्य राजस्व | ६०० | १,००० | ३०० | ३०० | ३०० |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| **ख.** | **राजस्व बाँडफाँड** | **५३,२२२** | **५३,३११** | **५७,१७६** | **६०,१७३** | **६३,३३५** |
| | **संघीय सरकार** | **५१,५३८** | **५०,३४०** | **५०,०३५** | **५२,५३६** | **५५,१६३** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५१५३८ | ५०३४० | ४९,८३७ | ५२,३२८ | ५४,९४५ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | - | - | ३ | ३ | ३ |
| १४१५४ | बाँडफाँड भई प्राप्त खनिज रोयल्टी | - | - | १९५ | २०५ | २१५ |
| | **प्रदेश सरकार** | **१,६८४** | **२,९७१** | **७,१४१** | **७,६३७** | **८,१७२** |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १५०० | १८७१ | ४,४९५ | ४,७२० | ४,९५६ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ८४ | १००० | २,५०० | २,७५० | ३,०२५ |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | - | - | २० | २२ | २४ |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १०० | १०० | १२६ | १४५ | १६७ |
| **ग.** | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **२९१,४८५** | **३८०,२७२** | **४८०,२५६** | **५०४,२६९** | **५२९,४८२** |
| | **संघीय सरकार** | **२८५,५९७** | **३५३,१००** | **४५८,१००** | **४८१,००५** | **५०५,०५५** |
| १३३११ | समानस्करण अनुदान | १३३००० | १३४१०० | १३४,१०० | १४०,८०५ | १४७,८४५ |
| १३३१२ | शसर्त अनुदान चालु | १५२,५९७ | १५९,००० | २४२,३०० | २५४,४१५ | २६७,१३६ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | - | - | - | - | - |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | - | - | १६,७०० | १७,५३५ | १८,४१२ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | - | ६०,००० | ६५,००० | ६८,२५० | ७१,६६३ |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | | |
| | **प्रदेश सरकार** | **५,८८८** | **२७,१७२** | **२२,१५६** | **२३,२६४** | **२४,४२७** |
| १३३११ | समानीकरण अनुदान | ५८८८ | १२१७२ | १२,१५६ | १२,७६४ | १३,४०२ |
| १३३१२ | शसर्त अनुदान चालु | - | ५,००० | ३,००० | ३,१५० | ३,३०८ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | - | - | २,००० | २,१०० | २,२०५ |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | - | १०,००० | ५,००० | ५,२५० | ५,५१३ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| **घ.** | **अन्य आन्तरिक अनुदान** | **-** | **-** | **२,०००** | **२,२००** | **२,४२०** |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | - | - | १,००० | १,१०० | १,२१० |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | - | - | १,००० | १,१०० | १,२१० |
| | **जम्मा** | **३५१,०९२** | **४५०,०९३** | **५५७,१२४** | **५८६,८६८** | **६१८,३७०** |

# परिच्छेद - सात : निष्कर्ष तथा सुझाव

यस परिच्छेदमा संकलित तथ्याङ्क तथा विवरण, उपलब्ध सूचनाको विश्लेषण, आन्तरिक आय तथा राजस्वको प्रवृत्ति, कार्यशालाको सहभागितामूलक प्रक्रिया बमोजिम तयार राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण समावेश गरिएको छ ।

## ७.१ कार्यायोजना कार्यान्वयन

यस अध्ययनको विश्लेषण अनुसार गाउँपालिकाको आगामी आ.व. २०७७/७८ को कुल राजस्व ५५ करोड ७१ लाख २४ हजार हुने देखिएको छ । यद्यपि प्रस्तुत विवरणले गाउँपालिकाको आन्तरिक आय आगामी आ.व.मा १ करोड ७६ लाख ९२ हजार हुने अनुमान गरिएको छ । जुन कुल आयको ३.१८ प्रतिशत हुन आँउछ । राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचना देहायअनुसार हुने प्रक्षेपण गरिएको छ ।

**तालिका नं. १६: प्रक्षेपित आय संरचना**

रु. हजारमा

| क्र. सं. | राजश्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १ | आन्तरिक आय | ६,३८५ | १६,५१० | १७,६९२ | २०,२२६ | २३,१३३ |
| २ | राजश्व बाँडफाँड | | | | | |
| | *संघीय सरकार* | *५१,५३८* | *५०,३४०* | *५०,०३५* | *५२,५३६* | *५५,१६३* |
| | *प्रदेश सरकार* | *१,६८४* | *२,९७१* | *७,१४१* | *७,६३७* | *८,१७२* |
| ३ | अन्तरसरकारी वित्तिय हस्तान्तरण | | | | | |
| | *संघीय सरकार* | *२८५,५९७* | *३५३,१००* | *४५८,१००* | *४८१,००५* | *५०५,०५५* |
| | *प्रदेश सरकार* | *५,८८८* | *२७,१७२* | *२२,१५६* | *२३,२६४* | *२४,४२७* |
| ४ | अन्य आन्तरिक अनुदान | - | - | २,००० | २,२०० | २,४२० |
| | **जम्मा** | **३५१,०९२** | **४५०,०९३** | **५५७,१२४** | **५८६,८६८** | **६१८,३७०** |
| कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत) | | १.८२ | ३.६७ | ३.१८ | ३.४५ | ३.७४ |

माथि उल्लेख भएअनुसारको प्रक्षेपित आयको लक्ष्य हासिल गर्नका लागि गाउँपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा सुधार गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा सुधारका लागि सुझाइएका प्रयासहरु देहायअनुसार रहेका छन् :

- नियमित बैठक, परामर्श र अनुगमन प्रक्रियमा मार्फत राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।
- आर्थिक ऐनलाई संविधान, कानून अनुकुल, सामार्थ्यमा आधारित र वस्तुपरक रुपमा अद्यावधिक गर्ने ।
- राजस्वको अनुमान, प्रक्षेपण र आय बजेट तथा प्रतिवेदनका लागि तोकिएको ढाँचा र कोड व्यवहारमा ल्याउने।
- सम्पत्ति कर र मालपोत, व्यवसाय कर, विज्ञापन कर असुली व्यवस्था कानुनसम्मत बनाउने ।
- प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्रीलाई कानून सम्मत र व्यवहारिक दर निर्धारण गर्ने ।
- अन्य संभाव्य स्थानाको वातावरणीय अध्ययन (संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र प्रभाव मूल्याङ्कन (EIA) गरी सम्भाव्य बिक्री परिमाण एकिन गर्ने, विक्री दर र न्यूनतम ठेक्का अंक निर्धारण गर्ने ।
- गाउँपालिकालाई आम्दानी हुने आयोजना पार्क, पार्किङस्थल पर्यटकीय स्थलको विकास र स्तरोन्नति, पार्किङ्ग स्थल, कृषि फार्म लगायत व्यवसाय सिर्जना र विकासमा लगानी बृद्धि गर्ने

- राजस्वको असुली, अभिलेखन र उपयोगलाई पारदर्शी र सहभागितामूलक बनाउने ।

स्थानीय सरकारलाई प्राप्त राजस्व अधिकार विगतको स्थानीय निकायको तुलनामा निकै फरक भएकाले राजस्व व्यवस्थापनलाई संघीय शासन प्रणाली अनुसार सुधार गर्नुपर्ने देखिन्छ । राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरुलाई प्राथमिकता निर्धारण तथा सो बमोजिम बजेट विनियोजन गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

## ७.२ कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र निर्धारित समयसीमा भित्र आगामी तीन आर्थिक वर्षको आय अनुमान र प्रक्षेपण गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक वर्षको फाल्गुण महिनासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराउन सकेमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट गरिने निर्णयहरुको लागि महत्वपूर्ण आधार हुनेछ । राजस्व सुधारका नीति, क्रियाकलाप तथा बजेट अनुमान पश्चात् राजस्व सुधार कार्ययोजना अनुसारका क्रियाकलापहरु संचालन भए/नभएको तथा अनुमान अनुसार आय असुली भएको/नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्न अति आवश्यक छ । आगामी आर्थिक वर्षको आय प्रक्षेपणका लागि त्यस अवधिसम्मको क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक वर्ष सम्पन्न भएपछि सो आर्थिक वर्षका लागि तय गरिएका क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यस राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनका लागि देहाउबमोजिम ४ तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिश गरिएको छ ।

**(क) कार्यालय स्तरको अनुगमनः** यस अन्तर्गत प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा सम्बन्धित अन्य शाखाका प्रतिनिधिहरु यस योजना कार्यान्वयन र अनुगमनमा बढी सक्रिय रहनु आवश्यक हुन्छ । गाउँ कार्यपालिका कार्यालयले कम्तिमा महिनामा एक पटक बैठक बसी काययोजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको पुनरावलोकन/अनुगमन गरी लक्ष्य हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**(ख) राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्यांकनः** राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक वर्षको लागि आयको अनुमान गर्ने, विगतमा भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारका क्रियाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक वर्षको समाप्ती पश्चात् राजस्व सुधार योजनाको समीक्षा गर्नु उपयुक्त हुनेछ ।

**(ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्यांकनः** कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिले प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक छ ।

**(घ) बाह्य अनुगमन तथा मूल्यांकनः** राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनका लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसँग सम्बन्धित तथ्यांक बाहेक योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा करदाताहरुको अनुभूति संकलन पनि अनुगमनको मुख्य विधि हुन सक्नेछ ।

# अनुसूचीहरु

## अनुसूची १ : सन्दर्भ सामग्रीहरु

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तब्य, २०७६/७७
- संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध व्यवस्थापन ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- गण्डकी गाउँपालिकाको आर्थिक ऐन २०७६
- गण्डकी गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको बार्षिक विकास योजना, बजेट तथा कार्यक्रमहरू
- नेपाल सरकारको वजेट वक्तव्य, २०७७।७८
- नेपाल सरकारको आर्थिक ऐन, २०७७
- गण्डकी प्रदेश सरकारको वजेट वक्तव्य, २०७७।७८
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७७/२०७८, नेपाल सरकार
- आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य, गण्डकी प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८ का लागि सवारी साधन कर बाँडफाँडको अनुमानित विवरण, गण्डकी प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८ मा नेपाल सरकारबाट स्थानीय तहले प्राप्त गर्ने अनुमानीत रोयल्टी रकम, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम

# तथ्यांक संकलन सूची

**गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था:**

- संक्षिप्त परिचय
- मुख्य पूर्वाधारको अवस्था
- आर्थिक अवस्था
- सामाजिक, सांस्कृतिक तथा पर्यटकिय अवस्था

**गाउँपालिकाको संगठन तथा राजस्व प्रशासन :**

- संगठन संरचना तथा कर्मचारीको विवरण
- भौतिक सुविधाहरु
- राजस्व शाखा तथा राजस्व प्रशासन
    - राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण
    - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
    - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्यभौतिक सुविधाहरु
    - राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्टवेयर र त्यसको प्रयोग
    - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग
- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

**गाउँपालिकाको आय (आन्तरिक तथा वाहय्) सम्बन्धी विवरण:**

- विगत तीन आर्थिक वर्षहरु (२०७३/७४, ०७४/७५ र ०७५/७६) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७६/७७) को अनुमानीत/बजेट विवरण र मंसिर मसान्तसम्मको यथार्थ संकलन
- चालु आर्थिक वर्षका लागि गाउँ सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरु

**अन्य दस्तावेज तथा सूचनाहरु**

- निर्वाचित पदाधिकारी र कर्मचारीको विवरण
- गाउँ सभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
- गाउँपालिकाको बस्तुस्थिति विवरण (Profile)
- राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरु
- स्रोतः प्रशासन, आर्थिक प्रशासन, राजस्व शाखा

# तथ्यांक संकलन फारम

## क. स्वामित्व वा भोग चलनमा रहेका जग्गा

| क.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वाबहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोग चलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

## ख. स्वामित्वमा रहेका भवन

| क.सं. | स्थान | भवनको विवरण | हालको उपभोग | भाडा वाबहाल रकम (यदी भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

## ग. राजस्वमा प्रतक्ष्य आधारित सूचनाहरु

### १. भवन सम्बन्धी विवरण

| क.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु<br>*(नोट: व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)* | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरु | | | |
| ३ | आवासिय भवन/घरहरु | | | |
| ३.१ | *कच्ची घरहरु (कच्ची जोडाई तथा छाना)* | | | |
| ३.२ | *अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)* | | | |
| ३.३ | *पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)* | | | |
| ३.४ | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | | | |
| **जम्मा** | | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**२. जग्गा सम्बन्धी विवरण**

| क्र.सं. | जग्गाको किसिम | अनुमानितक्षेत्रफल | औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | |
| २ | आवासिय क्षेत्र | | | |
| ३ | कृषी क्षेत्र | | | |
| ४ | वन तथा अन्यक्षेत्र | | | |
| **जम्मा** | | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**३. सवारी साधन सम्बन्धी विवरण**

| क्र.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, ई रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**४. व्यापार तथा व्यवसायसम्बन्धी विवरण**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी |
|---|---|---|---|---|
| १ | उद्योग | | | |
| २ | वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि) | | | |
| ३ | व्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | |
| ४ | डिलर तथा थोक विक्रेता | | | |
| ५ | अन्य व्यवसायहरु | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय, उद्योग वाणिज्य संघ

**५. खानीजन्य वस्तु विक्रीको विवरण**

| उत्खनन स्थल | बस्तुहरु | कुल उत्खनन योग्य परिणाम | विक्री मुल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|
| | ढुङ्गा | | | |
| | गिट्टी | | | |
| | स्लेट | | | |
| | बालुवा | | | |
| | दहत्तर वहत्तर | | | |
| | ढुङ्गा | | | |
| | गिट्टी | | | |
| | स्लेट | | | |
| | बालुवा | | | |
| | दहत्तर वहत्तर | | | |

स्रोत : आर्थिक प्रशासन शाखा, हालको ठेक्का प्रक्रिया, आईई प्रतिवेदन तथा सरोकारवालासँग छलफल

## ६. जडिबुटी, कवाडी र जिवजन्तु व्यवसायिक उपयोग

| क्र.सं. | बस्तुहरु | इकाई | कुल संकलन परिणाम | अनुमानित मुल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ख. | कवाडी जन्य बस्तुहरु | | | |
| | | | | |
| | | | | |
| ग. | जिवजन्तु | | | |
| | | | | |

## ७. वहाल विटौरी

| क्र.सं. | सम्पत्तिहरु | इकाई | परिमाण | दर |
|---|---|---|---|---|
| **क.** | **भवन तथा कोठाहरु** | | | |
| | | | | |
| **ख.** | **मेसिनहरु** | | | |
| | | | | |
| **ग.** | **सार्वजनिक सम्पत्ति** | | | |
| | | | | |

स्रोत : राजस्व परामर्श समिति, आर्थिक प्रशासन, राजस्व तथा जिन्सी शाखा, वडा कार्यालय

## ८. गाउँपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थानवा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथिगृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | | | | |
| १२ | पार्क | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायमशाला | | | | |
| १५ | पर्यटकिय स्थल | | | | |
| १६ | हाट बजार | | | | |
| १७ | पशु बधशाला | | | | |
| १८ | शवदाहगृह | | | | |
| १९ | बसपार्क | | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | | | | |

## अनुसूची ३ : स्थानीय राजस्व परामर्श समिति गठन तथा काम कर्तव्य र अधिकार सम्बन्धी कानुनी व्यवस्था

**(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिमको व्यवस्था)**

**समितिको गठन (उपदफा १) :**

| | | |
|---|---|---|
| क) उपाध्यक्ष | - | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरू मध्येबाट एक जना महिला सहित दुई जना सदस्य | - | सदस्य |
| घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - | सदस्य |
| ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - | सदस्य |
| च) कार्यपालिकाको राजस्व महाशाखा, विभाग वा शाखा प्रमुख | - | सदस्य सचिव |

**समितिको काम, कर्तव्य र अधिकार (उपदफा २) :**

क) राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,

ख) राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजस्वको अनुमान गर्ने,

ग) राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने,

ङ) कर राजस्व, गैरकर राजस्व, सेवाशुल्क, दस्तुर आदिको दर निर्धारण सम्बन्धमा परामर्श दिने,

च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक परामर्श दिने ।

**उपदफा ३:** उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्दछ ।

**उपदफा ४:** उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरि कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा

**(स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा प्रकाशित को अनुसूची २ बमाजिम)**

गण्डकी गाउँपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन, ..........

**(क) पृष्ठभूमि**

**(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण**

**(ग) राजस्व नीतिहरु**

**(घ) करका आधारहरु**

**(ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर**

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व रकम**

| सि.नं. | राजस्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(छ) निष्कर्ष तथा सुझावहरु**

(....................)

संयोजक ................

सदस्य ................

**अनुसूची ५ : आ.व. २०७७/०७८ का लागि आर्थिक विधेयक मस्यौदा नमूनाको रूपमा**

**गाउँ सभाबाट स्वीकृत मिति : २०७७/..../.....**

# आर्थिक विधेयक २०७७

गण्डकी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

## मस्यौदा

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुम्लीचोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

# गण्डकी गाउँपालिकाको आर्थिक विधेयक, २०७७

**प्रस्तावना :** गण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न स्थानीय कर तथा गैर कर संकलन गर्ने, छुट दिने तथा राजस्व प्रशासन व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गण्डकी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "गण्डकी गाउँपालिकाको आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि गण्डकी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा स्थानीय सरकार संचालन ऐनको व्यव्स्था बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर **अनुसूची -१** मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मूल्यांकन दर **अनुसूची - २** तथा घरको मूल्यांकन दर र ह्रास कट्टीको दर **अनुसूची - ३** मा उल्लेख भए बमोजिम हुनेछ ।

**३. भूमिकर (मालपोत) :** (१) गाउँपालिका क्षेत्रभित्रको दफा (२) बमोजिम सम्पत्ति कर लाग्ने बाहेकको जग्गामा भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर **अनुसूची - ४** मा उल्लेख भएबमोजिम हुनेछ ।

**४. घरजग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना वा जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने घरजग्गा बहाल करको दर **अनुसूची - ५** मा तोकिए बमोजिम हुनेछ ।

**५. व्यवसाय कर :** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असुली गर्दा बैंक तथा वित्तिय संस्था, सुपर मार्केट अन्य व्यावसायको प्रत्येक कारोबार स्थल अलग अलग इकाई मानी कर असुली गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम लगाइने व्यवसाय करको दर **अनुसूची - ६** मा तोकिए बमोजिम हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत **अनुसूची - ७** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ । तर त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनीलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइने छैन ।

**७. सवारी साधन कर :** (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर **अनुसूची - ८** मा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर **अनुसूची - ९** मा तोकिए बमोजिम हुनेछ ।

**९. मनोरञ्जन कर :** गाउँपालिका भित्र प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ । त्यस्तो शुल्क निर्धारण गर्दा गाउँपालिकाले सम्मत्ति कर मूल्याङ्कनलाई आधार मान्न सक्दछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर **अनुसूची - १०** मा तोकिए बमोजिम हुनेछ ।

**११. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत **अनुसूची - ११** मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. पूर्वाधार उपयोग शुल्क :** (१) गाउँपालिकाले आफुले निर्माण गरेका वा आफुलाई हस्तान्तरण भई आएका सडकहरुमा संचालन हुने सवारी साधनहरुमा **अनुसूची - १२** मा उल्लेख भए बमोजिमको दरमा पूर्वाधार उपयोग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. पार्किङ शुल्क :** (१) गाउँपालिकाले निर्माण गरेको तथा हस्तान्तरण भई व्यवस्थापन गरेको पार्किङ स्थलहरुमा सवारी साधन पार्क गरे वापत **अनुसूची - १३** बमोजिम पार्किङ शुल्क संकलन गरिनेछ ।

**१४. सेवा शुल्क दस्तुर** : (१) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका **अनुसूची - १४** मा उल्लिखित स्थानीय पूर्वाधार वा सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

**१५. सिफारिश तथा प्रमाणित दस्तुरः** (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत् उपलब्ध गराउने सिफारिश, प्रमाणित, इजाजत जस्ता प्रशासनिक सेवामा **अनुसूची - १५** मा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाई असुल उपर गर्नेछ ।

**१६. बिक्री गर्न सक्ने :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परीक्षण वा संक्षिप्त वातावरणीय अध्ययनबाट तोकिएको परिमाणमा नबढ्ने गरी स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुहरू तथा आफ्नो क्षेत्रभित्रको

सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी र बोपत्रत्र दरभाउ फारम आदि **अनुसूची - १६** मा उल्लेख भए बमोजिमको दरमा बिक्री गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुहरू आदि बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले अमानत विधिबाट बिक्री गरी विक्री रकम संकलन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृती लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणले तोकेको परिमाणमा गरिने ढुंगा, गिट्टी, बालुवा एबम् माटो जस्ता साधारण निर्माणमुखी वस्तुहरुको उत्खनन्, संकलन र विक्रीमा **अनुसूची -१७** बमोजिमको दरमा शुल्क लगाई असूल उपर गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको उत्खनन्, संकलन र विक्री गर्न चाहने व्यक्तिले गाउँपालिकाले तोकेको नियम बमोजिम इजाजत लिनु पर्नेछ ।

**१७. भाडामा लगाउन सक्ने :** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा **अनुसूची - १७** मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

**१८. दण्ड जरिवाना, ब्याज र हर्जाना :** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा वा प्रचलित कानून पालना नगरेको कसूरमा **अनुसूची - १८** मा उल्लेख गरिएको व्यवस्था तथा दरमा दण्ड जरीवाना, व्याज र हर्जाना लगाई असुल उपर गर्न सक्नेछ ।

**१९. कर छुट :** (१) गाउँपालिकालाई वार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करमा क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) कोभिड १९ को महाव्याधिको कारणले भएको बन्दाबन्दी तथा निषेधाज्ञाको कारण पारेको प्रतिकुल असरलाई ध्यानमा राखी आ.ब. २०७६/७७ को व्यवसाय कर र घर जग्गा बहाल करमा २५ प्रतिशतले छुट सहुलियत दिइनेछ ।

***स्पष्टीकरण:*** *आ.ब. २०७६/७७ को कर दायित्व २०७७ साल श्रावण मसान्त सम्म भुक्तान गरेमा मात्र उल्लेखित उल्लेखित छुट दिइनेछ तथा आ.ब. २०७६/७७ को कर दायित्व भुक्तान गरिसकेको हकमा उल्लेखित छुट बराबरको रकम आगामी आ.व. २०७७/७८ को कर दायित्वमा मिलान गरिने ।*

(३) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ/संस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

***स्पष्टीकरण:*** *लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ/संस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरू, सरकारी वा सामुदायिक विद्यालयहरू, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघ/संस्था सम्झनु पर्दछ ।*

**२०. कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

२०. **प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएको विषयहरूमा यसै बमोजिम र उल्लेख नगरिएको विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## अनुसूची -१

(दफा २ को उपदफा (२) सँग सम्वन्धित)

# सम्पत्ति करको दर

| क.सं. | सम्पत्तीको मूल्य | वार्षिक करको दर |
|---|---|---|
| १ | ५ लाख रुपैया सम्म | ०.००१ प्रतिशत |
| २ | ५ लाख देखी २० लाख रुपैया सम्म | ०.०१५ प्रतिशत |
| ३ | २० लाख देखी ५० लाख रुपैया सम्म | ०.०२० प्रतिशत |
| ४ | ५० लाख देखी १ करोड रुपैया सम्म | ०.०४० प्रतिशत |
| ५ | १ करोड देखी २ करोड रुपैया सम्म | ०.०५० प्रतिशत |
| ६ | २ करोड देखी ३ करोड रुपैया सम्म | ०.१०० प्रतिशत |
| ७ | ३ करोड देखि ५ करोड रुपैया सम्म | ०.३०० प्रतिशत |
| ८ | ५ करोड रुपैया भन्दा माथी | ०.४५० प्रतिशत |

**नोटः**

- सम्पत्ति कर निर्धारणका लागि घरजग्गा (सम्पत्ती) धनीले तोकिएको ढाँचामा सम्पत्तिको विवरण खुलाई कार्यालयमा पेश गर्नु पनेछ ।
- सम्पत्ति धनीले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरी सक्नु पर्नेछ ।
- करदाताले झूट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनः कर निर्धारण गरी जरिबाना सहित कर असुल उपर गरिनेछ र यस्तो जरिबाना लुकाएको सम्पत्तिमा लाग्ने करको दोब्बर रकम बराबर हुनेछ ।
- सम्पत्ति कर सोही आर्थिक वर्षको कार्तिक मसान्तभित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छूट दिईनेछ।
- वक्यौता कर (वक्यौता मालपोत तथा घरजग्गा वा घरधुरी कर समेत) भुक्तानी गर्दा वक्यौतामा करको प्रतिवर्ष पन्द्र प्रतिशतले हुन आउने रकम वरावर जरिवाना लिई कर असुल उपर गरिनेछ ।
- सम्पत्ति विवरण दाखिला गर्न तोकेको म्यादभित्र विवरण दाखिला नगर्ने करदातालाई तोकिएको दरमा विलम्ब शुल्क लाग्नेछ ।

## अनुसूची - २

(दफा २ को उपदफा (३) सँग सम्वन्धित)

# जग्गा तथा घरको मूल्याङ्कन दर

**(क) जग्गाको मूल्यांकन दर**

मालपोत कार्यालय गोरखाले रजिष्ट्रेशन पासका निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्युनतम मुल्याङकन (दररेट) र चलन चल्तीको स्वघोषणा (मालपोतले गरेको भन्दा कम नहुने गरी) मुल्याङकन मध्ये जुन बढी हुन्छ सो रकम ।

**(ख) घरको मूल्यांकन दर**

| क्र.सं. | घरको प्रकार | घरको मुल्यांकन रकम रु. (प्रति वर्ग फिट) |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर भवन | २००० |
| २ | सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | १५०० |
| ३ | फलाम वा स्टिल स्ट्रक्टर (ट्रस) भवन | १२०० |
| ४ | सिमेन्ट वा माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायल/ढुङ्गाको छाना | ८०० |
| ५ | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | १००० |
| ६ | जस्ता वा टायलको छाना भएको टहरा वा सेड | ४०० |
| ७ | अन्य कच्ची खर (एकमुष्ठ) | २५,००० |

नोटः माथि उल्लेखित वाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा बनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

# अनुसूची - ३

(दफा २ को उपदफा (३) सँग सम्वन्धित)

## घरको ह्रास कट्टी दर

| क.सं. | भवनको बनोटको किसिम | ह्रासकट्टी दर |
|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० वर्षसम्म |
| २ | सिमेण्ट वा माटोको जोडाइमा इँट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ वर्षसम्म |
| ३ | फलाम वा स्टिल स्ट्रक्टर (ट्रस) भवन | वार्षिक २ प्रतिशतका दरले ४५ वर्षसम्म |
| ४ | सिमेन्ट वा माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० वर्षसम्म |
| ५ | प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| ६ | जस्ता वा टायलको छाना भएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्षसम्म |
| ७ | काठको वा अन्य कच्ची घर | वार्षिक १० प्रतिशतका दरले ९ वर्षसम्म |

## अनुसूची - ४

(दफा ३ को उपदफा (२) सँग सम्वन्धित)

# मालपोतको दर

| जग्गाको विवरण (स्वामित्वमा भएको क्षेत्रफलको आधारमा) | मालपोत दर (वार्षिक प्रति रोपनी) | | | |
|---|---|---|---|---|
| | **क वर्ग** | **ख वर्ग** | **ग वर्ग** | **कैफियत** |
| *५ रोपनीसम्म* | १२ | ८ | ५ | सडकले छोएका दाँयाबाँयाका जग्गामा उल्लेखित दरमा देहायअनुशार थप मालपोत लाग्नेछ :<br>- कालोपत्रे सडक – थप २ गुना,<br>- ग्राभेल सडक – थप १.५ गुना<br>- कच्चि सडक – थप १ गुना |
| *५ रोपनी भन्दा अधिक १० रोपनीसम्म* | १५ | १० | ८ | |
| *१० रोपनी भन्दा अधिक* | २० | १५ | १० | |
| **जग्गा लिई बाँजो राखेमा थप (प्रति रोपनी)** *(व्यवसायिक वृक्षारोपणलाई बाँझो मानिने छैन ।)* | २०० | १०० | ५० | |

**नोट :**

- *प्रति मालपोत रसिद न्यूनतम रु. २५ हुनेछ ।*
- *मालपोत कर प्रयोजनका लागि गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुको वर्गिकरण देहाय अनुशार गरिएको छ :*

| वर्ग | क्षेत्रहरु |
|---|---|
| "क" | **शहर उन्मुख तथा मुख्य आवासिय क्षेत्रहरुः**<br>मकैसिं बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>बुटार बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>भुम्लिचोक बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>पौवा बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>स्याउली बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>फाँट बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>सिउरेनीटार बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>धवादी बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>सिमल्टार बजार (........ ठाँउ देखी ........... ठाँउ सम्म)<br>.................. |

| | |
|---|---|
| | .................. |
| "ख" | **सिंचाई सुविधा पुगेको कृषि क्षेत्र**<br>**"क"** वर्गमा परेका बाहेक सिंचाई सुविधा पुगेका जग्गाहरु |
| "ग" | **सिंचाई सुविधा नपुगेको कृषि तथा अन्य क्षेत्र**<br>**"क"** र **"ख"** वर्गमा नपरेका सम्पुर्ण जग्गाहरु |

# अनुसूची - ५

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

## घरजग्गा बहाल करको दर

| क्र.सं. | जग्गा तथा घर भाडा विवरण | करको दर |
|---|---|---|
| १ | लेखा परीक्षण गराउने दायित्व भएका संस्थाहरूले वहालमा लिएको घरजग्गा | वहाल रकमको १० प्रतिशत |
| २ | अन्य (व्यापार, व्यवसायिक, घरयासी वा कृषी) प्रयोजनका लागि लिएको घरजग्गा | वहाल रकमको ५ प्रतिशत |

## अनुसूची - ६

(दफा ५ को उपदफा (३) सँग सम्वन्धित)

# व्यवसाय करको दररेट

| सि नं | शिर्षक | वार्षिक दर रु. |
|---|---|---|
| १ | होटल, लाज,रेस्टुरेन्ट, बर, क्याफे, भोजनालय, मिस्थानभण्डार | |
| | क. मदिरा समेत बिक्रि गर्ने होटल लज | २००० |
| | ख. होटल लज समेत | १५०० |
| २ | ग. मदिरा समेत बिक्रि गर्ने होटल | १२०० |
| | घ. रिसोर्ट | १००० |
| | ङ . होटल मात्र | १००० |
| ३ | टेन्ट हाउस र क्याटरिङ | १००० |
| ४ | सुनचादी पसल | १५०० |
| ५ | टेलरिङ ब्यबसाय | |
| | क. कपडापसल सहितको टेलरिङ | १५०० |
| ६ | ख. टेलरिङ | ५०० |
| | सैलुन | १००० |
| | क. ब्युटीपार्लर( तालिम समेत दिने ) | १००० |
| ७ | ख. ब्युटीपार्लर पसल मात्र | ७०० |
| | कम्प्युटर बिक्रि | १५०० |
| ८ | कम्प्युटर मर्मत | ७५० |
| | टि.भी ,फ्रिज बिक्रि | १५०० |
| ९ | टि.भी,फ्रिज मर्मत | ५०० |
| १० | रेडियो, मोबाइल,टेलिफोन क्यल्कुलेटर बिक्रि | ७५० |
| | रेडियो, मोबाइल,टेलिफोन क्यल्कुलेटर मर्मत | ५०० |
| ११ | घडी अडियो तथा भिडियो क्यासेट बिक्रि तथा मर्मत | ५०० |
| १२ | जुत्ता तथा चप्पल बिक्रि | १००० |
| | मालबस्तु तथा सेवाको थोक बिक्रेता | |
| | ५ भन्दा बढी सामानहरुको डीलर | ५००० |
| | ३ भन्दा बढी ५ वटा सम्म सामानहरुको डीलर | ३५०० |
| | १ भन्दा बढी ३ वटा सम्म सामानहरुको डीलर | २५०० |
| १३ | एउटा मात्र सामानको डीलर | १५०० |
| | औषधी पसल ( येलोपथिक, होमोपेथिक,आयुर्वेदिक) चस्मा पसल | |
| | थोक बिक्रेता | २००० |
| | खुद्रा बिक्रेता | १००० |
| | साना खुद्रा बिक्रेता | ७५० |
| १४ | चस्मा पसल | ५०० |
| १५ | निजि अस्पताल तथा नर्सिङ होम | ४००० |
| १६ | क्लिनिक तथा ल्याब | १५०० |
| १७ | डेन्टल अस्पताल | १५०० |
| १८ | डेन्टल क्लिनिक | १००० |
| १९ | पान पसल | ५०० |
| २० | लत्ता कपडा धुलाई तथा सरसफाई | |
| २१ | ड्राई क्लिनर्स | ५०० |

| सि नं | शिर्षक | वार्षिक दर रु. |
|---|---|---|
| | धोबी | ३०० |
| २२ | आर्ट ब्यबसाय | |
| | कामदार राखी ब्यबसाय गर्ने | ७५० |
| २३ | आँफै गर्ने | ५०० |
| २४ | इलेक्ट्रिक सामानहरुको बिक्रि | १००० |
| | फोटो स्टुडियो | |
| | कलर ल्याव फोटो स्टुडियो | १५०० |
| २५ | फोटो स्टुडियो | १००० |
| २६ | धागो , टाक ,फस्नर | ५०० |
| २७ | भाडा पसल | १५०० |
| २८ | गिफ्ट तथा कस्मेटिक पसल | १००० |
| २९ | प्लाई सिसा कार्पेट फ्रेम आदि बिक्रि | १५०० |
| ३० | पेट्रोल पम्प | ५००० |
| ३१ | ग्यास सिलिन्डर बिक्रेता | १००० |
| ३२ | साइकल तथा रिक्सा मर्मत | ५०० |
| ३३ | अटोमेकानिक्स तथा इन्जिनियरिङ ( बस,ट्राक्टर,मोटरसाइकल,आदिको पार्ट्स बिक्रि तथा मर्मत) | ४००० |
| ३४ | लेथ सेक्शन तर्फ | २००० |
| ३५ | मोटर बडी बिल्डर्स | २००० |
| ३६ | टायेर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | ५०० |
| ३७ | मोटरसाइकल सोरूम | २००० |
| ३८ | पशु / पन्छी आहार उद्योग फिड्स | १५०० |
| ३९ | लेखा परिक्षक | |
| | क र ख श्रेणीलाई | १००० |
| ४० | ग र घ श्रेणीलाई | ५०० |
| | बैंक, फाईनान्स, वित्तीय संस्थाहरु तथा सहकारी बैकं नाफामुलक | |
| | क वर्गको बैंक वा वितिय संस्था | ५००० |
| ४१ | ख वर्गको बैंक वा वितिय संस्था | ४००० |
| | ग  वर्गको बैंक वा वितिय संस्था | ३००० |
| | घ  वर्गको बैंक वा वितिय संस्था | २००० |
| ४२ | पाउरोटी ,बरफ, बिस्कुट तथा दालमोठ उद्योग | १००० |
| | निजि शिक्षालय संचालन तर्फ | |
| ४३ | क्याम्पस ,मा.बि | १०००० |
| | आधारभूत र प्रा .बि | ३००० |
| ४४ | ब्लक,रिङ, टायल र तरबार पोल उद्योग | १५०० |
| ४५ | पोलिथिन पाइप तथा अन्य प्लास्टिकका सामानहरुको उद्योग | ३००० |
| ४६ | मैनबत्ती तथा अगर बत्ति उद्योग | २०० |
| ४७ | मसला पसल | ५०० |
| | परामर्श सेवा | |
| ४८ | इन्जिनियरिङ्ग | २००० |
| | शैक्षिक | १५०० |
| | अन्य परामर्श सेवा | १००० |
| ४९ | किराना पसल | |
| | मदिरा समेत बिक्रि गर्ने थोक बिक्रेता | २५०० |
| | मदिरा बाहेक अन्य बस्तु बिक्रि गर्ने थोक बिक्रेता | २००० |
| ५० | मदिरा समेत बिक्रि गर्ने खुद्रा बिक्रेता | १५०० |

| सि नं | शिर्षक | वार्षिक दर रु. |
|---|---|---|
| ५१ | खुद्रा बिक्रेता (साना ब्यबसाय) | ५०० |
| ५२ | मादल मर्मत तथा बिक्रि | २०० |
| ५३ | सिरक डसना बिक्रि | १००० |
| ५४ | हिम पाइप बिध्युत  पोल उद्योग | १०००० |
| ५५ | झोला तयारी गर्ने उद्योग | ५०० |
| ५६ | कन्फेक्सनरी उद्योग | १००० |
| ५७ | डेरी उद्योग (दुग्ध तथा दुग्ध सम्बन्धि अन्य ब्यबसाय ) | १००० |
| ५८ | फर्निचर उद्योग फर्निचर सोरुम | २००० |
| ५९ | फर्निचर उद्योग सोरुम | १५०० |
| ६० | ग्रिल सटर उद्योग | १५०० |
| ६१ | मिल कुटानी पिसानी सेलर होलार तेल चिउरा आदि | |
| ६२ | कुटानी पिसानी | १५०० |
| ६३ | कुटानी | १००० |
| ६४ | कुखुरा पालन | |
| | १००० देखि माथि | १००० |
| | १००० वटा सम्म | ५०० |
| ६५ | माछामासु पसल | १००० |
| ६६ | तरकरी, फलफुल तथा सग सब्जी पसल | ५०० |
| ६७ | अन्डा बिक्रि | १००० |
| ६८ | छाला संकलन तथा बिक्रि | १५०० |
| ६९ | इट्टा बिक्रि डिपो तथा संकलन केन्द्र | ३००० |
| ७० | डोको नाम्लो भकारी, प्लास्टिक तथा बेतबास सामानहरु | १००० |
| ७१ | हार्डवेयर पसल | २००० |
| ७२ | चिम्नी उद्योग (इट्टा भट्टा) | ५००० |
| ७३ | मेटलको भाडा बनाउने ब्यबसाय | ५०० |
| ७४ | पुस्तक,स्टेसनरी तथा खेलकुदक सामानहरुको बिक्रि | १००० |
| ७५ | केवल प्रसारण | ३००० |
| ७६ | फोटोकपी,फ्याक्स,लेमिनेशन,बाइन्डीङ, कुरियर | १००० |
| ७७ | कम्प्यूटर,ड्राइभीङ , तथा अन्य इन्स्टिच्युट | १००० |
| ७८ | कपडा पसल / फेन्सी पसल | १००० |
| ७९ | छापाखाना तथा कपि किताब उद्योग | २००० |
| ८० | डिजीटल छापाखाना | १००० |
| ८१ | साइबर, नेट, फोन सेवा ( कम्युनिकेसन सेवा क श्रेणी ) | १००० |
| ८२ | निर्माण ब्यबसाय | |
| | क श्रेणी | ५००० |
| | ख श्रेणी | ३००० |
| | ग श्रेणी | २००० |
| | घ श्रेणी | १००० |
| ८३ | रासायनिक मल बिउ बिजन , किटनासक औषधि बिक्रि | १००० |
| ८४ | भिडियो मिक्सिंग | १००० |
| ८५ | क मदिरा थोक बिक्रि | ३००० |
| | ख मदिराखुद्रा बिक्रि | १५०० |
| ८६ | ट्युसन सेन्टर | ७५० |
| ८७ | बेरिङ रिपेरीङ तथा बिक्रि | ७५० |
| ८८ | मेसिनरी सामान बिक्रि (मोटर जेनेटर आदि क श्रेणी ) | २००० |
| ८९ | मेसिनरी सामान बिक्रि (मोटर जेनेटर आदि ख  श्रेणी ) | १५०० |
| ९० | पाखा कृषि मोटर मर्मत | ७५० |
| ९१ | रेमिटेन्स सेवा | १००० |

| सि नं | शिर्षक | वार्षिर्क दर रु. |
|---|---|---|
| ९२ | मोबिल, ग्रिज बिक्रि | १००० |
| ९३ | टुर्स एण्ड ट्राभल्स | १००० |
| ९४ | कुरिएर तथा कार्गो सेवा | १००० |
| ९५ | गिटी ,बालुवा, ढुंगा लगायत निर्माण सप्पलाइ | ३००० |
| ९६ | भेटेनरी सेवा | ७५० |
| ९७ | चिया पसल | ५०० |
| ९८ | कार्यालय हल भाडा | ३०० |
| ९९ | जडीबुटी बनजन्य उद्योग (खोटो लगायत ) | १५०० |
| १०० | विभिन्न कल्याणकारी संघ संस्था दर्ता | १००० |
| | | |
| | क बाख्रा फारम दर्ता शुल्क ५० वटा सम्म | ५०० |
| | ख बाख्रा फारम दर्ता शुल्क ५० देखि१०० सम्म | ७५० |
| १०१ | ग बाख्रा फारम दर्ता शुल्क १०० वटा भन्दामाथि | १००० |
| १०२ | व्यापारी दस्तुर | २०० |
| | | |

***नोट :*** *माथि उल्लेखित छुट हुन गएमा ब्यबसायहरुलाई ब्यबसायको प्रकृति हेरी उल्लेखित बिषयसंग मेल खाने किसिमको दरमा रु१००.देखि .५००० सम्म लिने ।*

## अनुसूची - ७

(दफा ६ को उपदफा (१) सँग सम्वन्धित)

# जडीबुटी, कवाडी र जीवजन्तु करको दर

गाउँपालिका क्षेत्रभित्र उत्पादन वा संकलन भई व्यवसायिक उपयोग हुने देहायअनुसार वस्तुहरूमा देहायबमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लिइनेछ :

| क.सं. | जडीबुटी, कवाडी र जीवजन्तु | वार्षिक कर |
|---|---|---|
| १ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा, तेलको टिन, धातुका टुक्राहरू, पुन : प्रशोधन (रिसाइक्लिङ्ग) गरी पुनः प्रयोगमा आउन सक्ने सामानहरू | ठूलो ट्रक रु. १५०० प्रति ट्रिप<br>सानो ट्रक, टिपर, रु. १००० <br>ट्रयाक्टर रु. ५०० |
| २. | सल्ला खोटो प्रति टिन | रु. २० प्रति टिन |
| ३. | मरेका जिवजन्तुको हाड, सिंङ्ग, छाला, खुर आदि | ठूलो ट्रक रु. १००० प्रति ट्रिप<br>सानो ट्रक, टिपर रु. ५०० प्रति ट्रिप र<br>ट्रयाक्टर रु ३०० प्रति ट्रिप |

## अनुसूची - ८

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

# सवारी साधन करको दर

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नवीकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क.सं. | सवारीको किसिम | दर्ता तथा इजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटोरिक्सा, विद्युतीय रिक्सा | ५०० | ५०० |

## अनुसूची - ९

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

# विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएको विज्ञापन सामाग्रीमा देहायबमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिनेछ :

| क.सं. | विज्ञापन सामग्रीको किसिम | वार्षिक विज्ञापन कर | | |
|---|---|---|---|---|
| | | ठूलो | मध्यम | सानो |
| १ | विद्युत्तीय डिजिटल बोर्ड प्रति वर्ग फिट | २० | १५ | १० |
| २ | होडिङ्ग बोर्ड प्रति वर्ग फिट | २५ | २० | १५ |
| ३ | व्यानर पोष्टर प्रति गोटा | १५ | १० | ५ |
| ४ | भित्ते लेखन प्रति वर्ग फिट | १० | ६ | ४ |
| ५ | व्यापार तथा मेला आदीमा इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | १५ | १० | ५ |

*नोटः*

*(१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ । यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ ।*

*(२) गाउँपालिकाको इजाजत नलिई गरिएको विज्ञापन सामग्रीहरूलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रिम सूचनाविना हटाउन सक्नेछ ।*

*(३) पसलहरूमा राखिने परिचयपाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साइज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचयपाटीमा विज्ञापनमूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।*

*(४) सुर्ति एवं मदिरा जन्य विज्ञापनमा थप ५० प्रतिशत विज्ञापन कर लगाईने छ ।*

## अनुसूची -१०

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

## बहाल बिटौटी शुल्कको दर

गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत देहायअनुसार वहाल विटौरी शुल्क लिइनेछ ।

| क्र.सं. | स्थान | शुल्कको दर |
|---|---|---|
| १ | सडकको दायाँ बायाँको सार्वजनिक जग्गा उपभोग गरे बापत | प्रति वर्ग फिट मासिक रु. १५ |
| २ | सडकले नछोएका सार्वजनिक जग्गा उपभोग गरे बापत | प्रति वर्ग फिट मासिक रु. ५ |
| ३ | सार्वजनिक स्थलमा पटके रुपमा उपयोग गरे बापत | प्रति वर्ग फिट दैनिक रु. १० |
| ४ | अस्थायी हाटबजार तथा घुम्ती पसल (पटके) | रु. २० प्रति पसल वा व्यवसाय |

## अनुसूची - ११

(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

## ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग शुल्कको दर

क) ट्रेकिङ, कायोडिङ, क्यानोइङ, बञ्जी जम्पिङ, जिपफ्लायर शुल्क - प्रति व्यक्ति रु. २५।-

ख) र्‍याफ्टिङ शुल्क - प्रति वोट रु. १५०

# अनुसूची -१२

(दफा १२ को उपदफा (१) सँग सम्वन्धित)

## पूर्वाधार उपयोग शुल्कको दर

गाउँपालिकाले निर्माण गरेका वा हस्तान्तरण भई आएका सडकहरुमा उल्लेखित दरमा पूर्वाधार उपयोग शुल्क (कृषि तथा ग्रामिण सडक मर्मत सम्भारसहित) लिइनेछ :

| क.सं. | सवारीको प्रकार | दर (प्रति ट्रीप) |
|---|---|---|
| १ | डोजर ,लोडर ,जेसिबी ठुला उपकरण | २०० |
| २ | ट्रीपर, लहरी, ट्रक, लगायत ठुला सबारी साधन | १५० |
| ३ | बस, मिनि बस, मिनीट्रक, ट्राक्टर | १०० |
| ४ | माइक्रो /कार /जिप (भाडा मा ) | ५० |
| ५ | साना निजि सवारी साधन | ३० |

# अनुसूची - १३

(दफा १३ को उपदफा (१) सँग सम्वन्धित)

## पार्किङ शुल्क

| सि.नं | सवारी साधका प्रकार | पार्किङ शुल्कको दर (प्रति पटक/दिन) |
|---|---|---|
| १ | स्कुटर/मोटरसाइकल | ५ |
| २ | हलुका सवारी साधन | २० |
| ३ | ट्रयाक्टर | १५ |
| ४ | हेभी सवारी साधन-बस, ट्रक, ट्रली, लोडर, एस्काभेटर | २५ |

## अनुसूची - १४

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

## सेवा शुल्क दस्तुरको दर

| सि.नं. | सेवाको किसिम | इकाई | दर (रु.) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | पटक | ५००/- |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | पटक | ३००/- |
| ३ | अचल सम्पत्ति मूल्याकंन | मुल्याङकन | ०.०५ प्रतिशत |
| ४ | रकम कलम उठाई दिए वापत | सयकडा | २/- |
| ६ | हरेक निवेदन दर्ता शुल्क | प्रतिगोटा | १०/- |
| ७ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | प्रति केश | ५००/- |
| ८ | घर नम्वरिङ्ग प्लेट | प्रति गोटा | १००/- |
| ९ | टो.वि.स. दर्ता शुल्क/नविकरण | एकमुष्ट | २००/- |
| १० | स्थलगत प्राबिधिक सेवा शुल्क | पटक | १०००/- |
| ११ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | पटक | २००/- |
| १२ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | पटक | २००/- |
| १३ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ता (समुहगत) | पटक | ३००/- |
| १४ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ता (नीजी एकल) | पटक | ५००/- |
| १५ | कृषि/पशुपंछीजन्य व्यवसाय नविकरण | पटक | २००/- |
| १६ | खानेपानी तथा सिंचाई उपभोक्ता समिति दर्ता/नविकरण | पटक | ५००/- |
| १७ | होमस्टे दर्ता शुल्क **(प्रदेश कार्यविधि बमोजिम)** | पटक | १००००/- |
| १८ | हामस्टे नविकरण शुल्क | पटक | ५०००/- |
| १९ | सूचि दर्ता | पटक | ३००/- |
| **२०** | **पशु उपचार बापत लाग्ने शुल्क (प्रति उपचार)** | | |
| | कुखुरा | प्रति एक वटा | १/- |
| | भेडा, बाख्रा तथा बंगुर | प्रति एक वटा | ५/- |
| | कुकर | प्रति एक वटा | १०/- |
| | गाई, भैंसी | प्रति एक वटा | २०/- |
| २१ | प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकीमा उपचार दर्ता शुल्क | प्रति व्यक्ति | १०/- |

## अनुसूची - १५

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

# सिफारिस तथा प्रमाणित दस्तुर

### क. घर नक्शा पास, निर्माण स्वीकृति दस्तुर

| क.सं. | घरको विवरण | दस्तुरको दर (रु.) |
|---|---|---|
| १ | नक्शापास फाराम निवेदन दस्तुर | ५०० |
| २ | पक्का घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर (१००० वर्ग फिट सम्म) | ५ |
| ३ | पक्का घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर (१००० वर्ग फिट भन्दा माथि) | १० |
| ४ | कच्ची घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | २ |
| ५ | गाउँपालिका हुन भन्दा अगाडि निमार्ण गरेको नक्शापास गर्दा (मापदण्ड अनुरुप निमार्ण भएको भए मात्र) प्रति वर्ग फिट | ३ |
| ६ | नयाँ घर निमार्ण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | १००० |
| ७ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट | १००० |
| ८ | नक्शा नामसारी तथा नविकरण वापत | १००० |
| ९ | गाउँपालिकाको अमिनबाट स्थलगत रुपमा गई व्यक्तिगत घर जग्गा नाप गरी चार किल्ला कायम गरेमा प्रति कित्ता | १००० |
| १० | नक्शा पास वा निर्माण सम्पन्न नामासारी शुल्क (एकमुष्ट) | १००० |
| ११ | प्लिन्थ लेवल भन्दा माथि Super Structure को नक्शा पास गरी निर्माण सम्पन्न पत्र तोकिएको समयमा नलिएमा २ वर्ष सम्म बिलम्ब शुल्क | २५ प्रतिशत |
| १२ | थप दस्तुर तिरी म्याद थप गरेपछि पनि थप २ वर्ष भित्र पनि निर्माण कार्य सम्पन्न नगरिएमा थप विलम्ब शुल्क | थप २५ प्रतिशत |
| १३ | DPC चेक जाँच गर्न प्राविधिक फिल्ड जानु पर्दा | ५०० |
| १४ | घर जग्गा छुट्याउन अमिन फिल्ड जानु पर्दा | ५०० |

### ख. शुल्क तथा दस्तुरको दर

| सि.नं | शिफारिश, अनुमती तथा प्रमाणीकरणको विवरण | इकाई | शुल्क वा दुस्तुरको दर (रु.) |
|---|---|---|---|
| **क.** | **निवेदन दस्तुर** | | |
| १ | निवेदन दस्तुर | पटक | २० |
| २ | उजुरी निवेदन दस्तुर | पटक | ५० |
| **ख.** | **प्रमाणीकरण तथा शिफारिस दस्तुर** | | |
| १ | अंग्रेजीमा गरिने सबै सिफारिस र प्रमाणीत | प्रति | ३०० |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस | प्रति | १०० |
| ३ | नागरिकता प्रतिलिपि सिफारिस | प्रति | १०० |
| ४ | अंगिकृत नागरिकता सिफारिस | प्रति | २०० |
| ५ | नाता प्रमाणित स्वदेश प्रयोजन | प्रति | १०० |
| ६ | नाता प्रमाणित विदेश प्रयोजन | प्रति | ५०० |
| ७ | नाता कायम सिफारिस | प्रति | १०० |
| ८ | पारिवारिक विवरण सिफारिस | प्रति | १०० |
| ९ | बसोबास प्रमाणित सिफारिस | प्रति | १०० |
| १० | नावालक सिफारिस | प्रति | १०० |
| ११ | जन्म मिति प्रमाणित सिफारिस | प्रति | १०० |
| १२ | वैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | प्रति | १०० |

| सि.नं | शिफारिश, अनुमती तथा प्रमाणीकरणको विवरण | इकाई | शुल्क वा दुस्तुरको दर (रु.) |
|---|---|---|---|
| १३ | अविवाहित प्रमाणित सिफारिस | प्रति | १०० |
| १४ | व्यक्तिगत प्रमाणित सिफारिस | प्रति | १०० |
| १५ | चारीत्रिक प्रमाणित सिफारिस | प्रति | १५० |
| १६ | सम्बन्ध विच्छेद प्रमाणित सिफारिस | प्रति | १५० |
| १७ | जीवित रहेको सिफारिस | प्रति | १०० |
| १८ | खानेपानी, टेलिफोन जडान, नामसारी, ठाउँसारी | प्रति | १०० |
| १९ | विद्युत मिटर जडान सिफारिस (घरायसी) | प्रति | १०० |
| २० | विद्युत मिटर जडान सिफारिस (उद्योग) | प्रति | ५०० |
| २१ | संघ संस्था दर्ता तथा नविकरण सिफारिस | प्रति | ३०० |
| २२ | **उद्योग दर्ता, ठाउँसारी तथा नामसारी सिफारिस** | प्रति | ५०० |
| २३ | **व्यवसाय बन्द तथा नाम परिवर्तन शिफारिस** | प्रति | १५० |
| २४ | वडा सर्जमिन प्रमाणित | प्रति | १०० |
| २५ | पेन्सन सिफारिस | प्रति | २०० |
| २६ | निजी बैंक स्थापना अनुमति सिफारिस | प्रति | १००० |
| २७ | नागरिकता बाहेकको मुचुल्का सिफारिस | प्रति | १०० |
| २८ | घर पातल प्रमाणित | प्रति | १०० |
| २९ | घर कायम सिफारिस | प्रति | ५०० |
| ३० | ट्रेस नक्सा निर्माण तथा प्रमाणित प्रति कित्ता | प्रति | २०० |
| ३१ | जग्गा दर्ता वा नामसारी सिफारिस | प्रति | २०० |
| ३२ | जग्गा धनी पूर्जा प्रतिलिपि सिफारिस | प्रति | १०० |
| ३३ | जग्गाको हक सम्बन्धी सिफारिस (सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा बाहेक) | प्रति | १०० |
| ३४ | प्लटिङ्ग इजाजत प्रति रोपनी | प्रति | २०० |
| ३५ | राजिनामा, बकसपत्र सिफारिस | प्रति | १५० |
| ३६ | अशंवण्डा सिफारिस | प्रति | १५० |
| ३७ | चार किल्ला प्रमाणित (बैंक तथा अन्य प्रयोजन) | प्रति | ५०० |
| ३८ | नाम सच्याई सर्जमिन | प्रति | १५० |
| ३९ | **चारकिल्ला प्रमाणित** | | |
| | • पक्कि सडकले छोएको | प्रति | ३०० |
| | • ग्राभेल सडकले छोएको | प्रति | २५० |
| | • कच्ची सडकले छोएको | प्रति | २०० |
| | • गोरेटे बाटोले छोएको | प्रति | १५० |
| | • बाटोले नछोएको | प्रति | १०० |
| ४० | **घडेरी प्लटिङ्गमा बाटोको लगत कट्टी शिफारिस** | | |
| | • ५ रोपनी सम्म (प्रति रोपनी) | प्रति | १०० |
| | • ५ रोपनी भन्दा माथि (प्रति रोपनी) | प्रति | १५० |
| ४१ | आय श्रोत प्रमाणित प्रति लाख प्रति वर्ष | प्रति | १०० |
| ४२ | निजी विद्यालयको दर्ता सिफारीस शुल्क | मा.वि. / आ.वि | ५००० / ३००० |
| ४३ | निजी विद्यालयको कक्षा वृद्धि (अपग्रेड) सिफारिस | प्रति | ५०० |
| ४४ | सामुदायीक विद्यालयको कक्षा वृद्धि (अपग्रेड) शिफारिस | प्रति | २५० |
| ४५ | स:मिल काठ चिरानी सिफारिस | प्रति | २०० |
| ४६ | नाम, थर, जन्म मिति प्रमाणित | प्रति | १०० |
| ४७ | सामुदायिक विद्यालय सिफारिस | प्रति | |
| | शिशु कक्षा संचालन दर्ता | प्रति | १०० |

| सि.नं | शिफारिश, अनुमती तथा प्रमाणीकरणको विवरण | इकाई | शुल्क वा दुस्तुरको दर (रु.) |
|---|---|---|---|
| | आधारभूत स्तर | प्रति | ३०० |
| | माध्यमिक स्तर | प्रति | ५०० |
| ४८ | निजी विद्यालयको ठाउँसारी सिफारिस | | |
| ४९ | सामुदायिक विद्यालयको ठाउँसारी सिफारिस | | |
| ५० | सम्पत्ती करको मूल्याङ्कन शिफारिस | प्रति | २०० |
| ५१ | निशुल्क स्वास्थ्य उपचार सिफारिस | प्रति | निःशुल्क |
| ५२ | सशुल्क स्वास्थ्य उपचार सिफारिस | प्रति | १०० |
| ५३ | संरक्षक प्रमाणित | प्रति | १०० |
| ५४ | हकवाला वा हकदार प्रमाणित | प्रति | १०० |
| ५५ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | प्रति | निःशुल्क |
| ५६ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | प्रति | २०० |
| ५७ | अन्य प्रमाणित वा सिफारिस | प्रति | १०० |
| ५८ | **एकसाभेटर तथा जे.सी.बि. गापामा सूचीकृत सेवा शुल्क (एक आर्थिक वर्षको लागि)** | | |
| | • जे.सी.बि. | वटा | ७००० |
| | • एकसाभेटर (२२० सम्म भन्दा कम क्षमता भएको) | वटा | १२००० |
| | • एकसाभेटर (२२० वा सो भन्दा बढी क्षमता भएको) | वटा | १५००० |

## ग. व्यक्तिगत घटना दर्ता दस्तुर

| क्र.सं. | विवरण | दस्तुरको दर |
|---|---|---|
| १ | व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, वसाईसराई, सम्वन्ध विच्छेद) | ३५ दिन सम्म : निशुल्क<br>३५ दिन पछि रु ५० |
| २ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | रु. १०० |

## अनुसूची - १६

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

## बिक्रीको दर

| सामग्रीहरू | इकाई | बिक्री दर (रु.) |
|---|---|---|
| ढुंगा, गिट्टी, बालुवा | प्रति घन मिटर | ३०० |
| माटो | प्रति घन मिटर | १०० |
| काठ | प्रति घन फिट | ३०० |
| वोलपत्र वा दरभाउ पत्र फाराम | प्रति गोटा | १००० वा सो भन्दा माथि (सार्वजनिक खरिद नियमावली अनुसार) |

## अनुसूची - १७

(दफा १६ को उपदफा (४) संग सम्वन्धित)

## साधारण निर्माणमुखी खानीजन्य वस्तुहरुको उत्खनन्, संकलन र विक्री शुल्कको दर

| सामग्रीहरु | इकाई | विक्री दर रु |
|---|---|---|
| वालुवा | प्रति घन मिटर | २०० |
| माटो, पाँगो माटो | प्रति घन मिटर | ७५ |

## अनुसूची - १७

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

# सम्पत्ति भाडाको दर

कार्यपालिका कार्यालय वा वडा कार्यालय वा सेवा केन्द्रमा उपलब्ध सम्पत्तीको भाडादर देहायअनुसार हुनेछः

| क.सं. | सम्पत्ति | भाडा दर (रु.) |
|---|---|---|
| १ | हल भाडा प्रोजेक्टर सहित (प्रति दिन) | १५०० |
| २ | हल भाडा प्रोजेक्टर बाहेक (प्रति दिन) | १००० |
| ३ | प्रोजेक्टर (प्रति दिन) | ५०० |

## अनुसूची -१८

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

# जरिवाना, शुल्क र व्याज (हर्जाना) दर

| क.सं. | कसुर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | चालु आ.ब. भित्र सम्पत्ति कर, भूमिकर (मालपोत) व्यवसाय कर, सवारी कर, विज्ञापन कर, जडिबुटी, कवाडी, जिवजन्तु कर नतिरेमा | पहिलो वर्षको लागि १० प्रतिशत, दोस्रो वर्ष देखि प्रतिवर्ष थप ५ प्रतिशतका दरले |
| २ | स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य पदार्थहरू उत्खनन् तथा बिक्री अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले तोकिएको परिमाण भन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन् गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु. १० जरिवाना |
| ३ | नक्सा पास नगरी घर निर्माण कार्य गरेमा | रु. २५०० |
| ४ | जथाभावी फोहोरमैला निष्काशन गरेमा | पहिलो पटक रु. २०० र त्यसपछि हरेक पटक दोब्बर गरी रु. ५०,००० सम्म |
| ५ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | रु. ५०० प्रति व्यवसाय |
| ६ | गाउँपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमेजिम रु. ५०,००० सम्म |

आज्ञाले

पुरण गुरुङ
प्रमुख प्रशासकीय अधिकृत